नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्र प्राप्त

र

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

**सर्वोत्तम सिमेन्ट लिमिटेड**

**Sarbottam Cement Limited**

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : काठमाण्डौं, जिल्ला का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, नेपाल

फोन न. ०१-४१११७०९/४१११९४२ फ्याक्स नं. ०१-४१११५६७

इमेल: info@Sarbottamcement.com वेभसाइट: www.sarbottamcement.com

को

# बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा ६ अन्तर्गत प्रकाशित

## प्रारम्भिक विवरणपत्र

**(यो प्रारम्भिक विवरणपत्र बुक विल्डिङ्ग विधि अनुसार धितोपत्र निष्काशन गर्नका लागि संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्धकको परामर्शमा तयार गरेको र सो उपर छलफल/अध्ययन गरी योग्य संस्थागत लगानीकर्ताबाट लिखित रुपमा निजले खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्याङ्कनको आधार सहित प्रारम्भिक विवरणपत्र सम्बन्धमा सुझाव संकलन गर्ने प्रयोजनको लागि प्रकाशित गरिएको हो ।)**

कम्पनीको जारी पूँजी रु.४,६५,००,००,०००।-(अक्षरेपी चार अर्ब पैंसट्ठी करोड रुपैया मात्र) को १२.९१ प्रतिशतले हुन आउने रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ६०,००,००० कित्ता शेयरको ४० प्रतिशत अर्थात २४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्तालाई र ६० प्रतिशत अर्थात ३६,००,००० कित्ता शेयर मध्ये ९,३०,००० कित्ता शेयर (जारी पूँजीको २ प्रतिशत) उद्योग तथा खानी प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याई बाँकि २६,७०,००० कित्ता शेयर तथा उद्योग तथा खानी प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याईको शेयर पूर्ण रुपमा बिक्री नभएमा सो शेयर समेत सर्वसाधारण (कम्पनीका कर्मचारी समेत) लाई बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१४) अनुरुप सार्वजनिक निष्काशन ।

**कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरण :**

| विवरण | वास्तविक | | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ चैत्र मसान्त (अपरिष्कृत) | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | २०५.९३ | २४५.२२ | १६०.१३ | १६५.२९ | १७४ | २१५ | २११ |
| प्रति शेयर आम्दानी (रु.) | ५९.१८ | ३९.२८ | ४५.५८ | ६.८९ | १३.१७ | २६.३१ | ३०.३३ |
| जगेडा तथा कोषहरु (रकम रु.) | २०,९७,३३३ | २८,७५,३७४ | २४,३५,२४८ | २६,४४,४३८ | २,९७८,२०२ | ५,३३६,०८९ | ५,१५१,८४६ |
| नेटवर्थ (रु.हजारमा) | ४०,६१,०६० | ४८,५५,३७४ | ६४,८५,२४८ | ६६,९४,४३८ | ७,०२८,२०२ | ९,९८६,०८९ | ९,८०१,८४६ |

नोट : आ.व. २०७४/०७५ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।

**योग्य संस्थागत लगानीकर्ताबाट लिखित रुपमा निजले खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्याङ्कनको आधार सहित प्रारम्भिक विवरणपत्र सम्बन्धमा सुझाव संकलन गर्ने प्रयोजनको लागि निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रबन्धक र सह निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेभसाईटमा प्रकाशित गरिएको ।**

**लागत सम्बन्धी विवरण :**

कम्पनीको २०७७/०७८ को लेखा परिक्षण सम्पन्न भएको वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याजसहित जम्मा लागत रु.११,१९,०५,१६,८७९।०० रहेको छ भने आ.व.२०७८/०७९ को चैत्र मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याजसहित जम्मा लागत रु.११,८८,००,९०,१३८।०० रहेको छ ।

**मूल्याङ्कनको विधि तथा प्रति शेयर सम्बन्धी संक्षिप्त विवरण :**

| S.N. | Particulars | Vaue Per Kitta | Average Price Per Kitta |
|---|---|---|---|
| 1 | Net Asset Value (NAV) per share | | |
| *a* | *FY 2077/78 Audited* | 160.13 | 160.13 |
| **2** | **Earning-Based-Value per Share** | | |
| *a* | *Earning Based Value per Share (Sectoral P/E)* | 559.07 | 813.85 |
| *b* | *Earning Based Value per Share (Similar Company P/E)* | 1,068.64 | |
| **3** | **Projected Earnings Based Value Per Share** | | |
| *a* | Projected Earnings Based value per Share as per Sectoral P/E | 400.16 | 582.53 |
| *b* | Projected Earnings Based value per Share as per P/E of Similar Company | 764.89 | |
| **4** | **Valuation with reference to average market price of similar stocks** | | |
| a | Companies with similar 3 years average EPS | 1,018.27 | 843.99 |
| b | Similar Company | 968.45 | |
| c | Companies with similar Paid Up Capital | 545.23 | |
| **5** | **P/BV Multiple of Similar Stocks** | | |
| a | Company with similar EPS | 897.43 | 734.83 |
| b | Sectoral P/BV Ratio | 740.46 | |
| c | Similar Company | 739.30 | |
| d | Similar Paid Up Capital | 562.12 | |
| | | **Average Price of 1, 2, 3, 4, and 5** | **627.06** |

**मूल्याङ्कनका आधार र औचित्य पुष्टि हुने विस्तृत मूल्याङ्कन प्रतिवेदन (Valuation Report) अनुसुची -१ मा संलग्न गरिएको छ ।**

कम्पनीले योग्य संस्थागत लगानीकर्ता समक्ष धितोपत्रको **अनुमानित मूल्य रु.५०१/-** (अक्षेरुपी पाँच सय एक मात्र) प्रति कित्ता प्रस्ताव गरेको छ । सो उपर योग्य संस्थागत लगानीकर्ताहरुले निजहरु समक्ष उपलब्ध गराईएको प्रारम्भिक विवरणपत्र अध्ययन गरी निजले चाहेको न्यूनतम खरिद संख्या, आशय मूल्य र सो को मूल्याङ्कन विधि सहित प्रारम्भिक विवरणपत्रमा केही सुझाव भएमा सो समेत पेश गर्नुहुन अनुरोध गर्दछौं । योग्य संस्थागत लगानीकर्ताबाट बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (८)(२) बमोजिम प्राप्त आशय मूल्यको आधारमा धितोपत्रको मूल्य सीमा निर्धारण हुने र सो सीमाको अधिनमा रही योग्य संस्थागत लगानीकर्ताले सोही निर्देशिकाको दफा ११ को अधिनमा रही बोलकबोलमा सहभागी हुनुपर्ने व्यवस्था रहेको छ ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्कासन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस प्रारम्भिक विवरणपत्रको दफा ग (८) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर खरिद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरिद आशय मूल्य तथा मूल्याङ्कनको आधार सहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा आफ्नो सुझाव दिन अनुरोध गरिन्छ ।

**बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (८) ५ बमोजिम आशय मूल्य पेश गर्ने योग्य संस्थागत लगानीकर्ताले पेश गरेको आशय मूल्य सोही निर्देशिकाको दफा ९ बमोजिम मूल्य सीमा भित्र परेमा वा सो भन्दा बढी भएमा उक्त निर्देशिका बमोजिम संचालन हुने बोलकबोल प्रक्रियामा अनिवार्य रुपमा सहभागिता जनाउनुपर्ने व्यवस्था रहेको छ ।**

**साथै, बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (११) ५ मा योग्य संस्थागत लगानीकर्ताले आशय मूल्य पेश गर्दा उल्लेख गरिएको धितोपत्र संख्या र मूल्यभन्दा कम हुने गरी बोलकबोल गर्न नपाइने व्यवस्था रहेको एवं धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७४ को नियम २८ (ग) (४) मा धितोपत्र बजारमा सूचिकरण भएको मितिले छ (६) महिनासम्म बिक्री वा हस्तान्तरण गर्न नपाइने भएकोले सोही अनुसार लगानी गर्न सुझाव गरिन्छ ।**

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस प्रारम्भिक विवरणपत्र बुक विल्डिङ्ग निर्देशिका, २०७७ दफा (७) बमोजिम योग्य संस्थागत लगानीकर्ताहरुसँग छलफल कार्यक्रम सञ्चालन गर्ने प्रयोजनार्थ तयार पारिएको तथा सोही निर्देशिकाको दफा (१०) बमोजिम आशय मूल्य प्राप्त गरे पश्चात कायम हुने धितोपत्रको बिक्री मूल्य सीमा समेत उल्लेख भएको विवरणपत्र नेपाल धितोपत्र बोर्डमा स्वीकृतीका लागि निवेदन दिइने भएकाले कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायमा हाललाई पेश गर्नु नपर्ने व्यहोरा अनुरोध छ ।

**निष्कासनकर्ता कम्पनीको क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस प्रारम्भिक विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट **Issuer Rating** गराई **"[IÇRANP-IR] BBB+ (pronounced as ICRA NP Issuer Rating Triple B Plus)"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[ICRANP-IR] BBB +"** ले समयमानै सुरक्षित रुपले वित्तीय दायित्व वहन गर्न मध्यम स्तरको क्षमता रहेको संस्था (Moderate degree of safety regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"ICRANP-IR AAA"** ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने **"ICRANP-IR D"** ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।

**Issuer Rating**

प्रदान गरेको मिति : २०७८/१२/१७ (तदनुसार मार्च ३१, २०२२) बहाल रहने अवधि: २०७९/१२/१६ (तदनुसार मार्च ३०, २०२३)

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: | बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुका लागि निष्काशन गरिने धितोपत्र बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (७), (८) र (९) बमोजिमको प्रक्रिया पूरा भए पश्चात् मात्र नेपाल धितोपत्र बोर्डमा विवरणपत्र स्वीकृतीका लागि पेश गरिने र धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरे पश्चात् कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ताका लागि पेश गर्नुपर्ने भएको हुँदा सो हाललाई लागु नहुने । |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: | |

**प्रारम्भिक विवरणपत्र उपर छलफल कार्यक्रम सञ्चालन हुने :**
**मिति : २०७९/०३/१९,**
**स्थान : Raddison Hotel, लाजिम्पाट, काठमाडौं ।**
**समय : दिनको ३:१५ बजे ।**

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक :**

**सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु :**

| धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक | सह-निष्कासन तथा बिक्री प्रबन्धकहरु | |
|---|---|---|
| Global IME Capital Limited<br>GROW WITH US | NIBL ACE CAPITAL<br>Managing shares. Managing investments. | PRABHU CAPITAL<br>(A Subsidiary of Prabhu Bank Limited) |
| ग्लोबल आईएमई क्यापीटल लिमिटेड<br>नक्साल, काठमाण्डौं ।<br>फोन नं. : ४५४५६४९, ४५४५६५० <br>Email: info@gicl.com.np<br>Web: www globalimecapital.com | एनआइबिएल एस क्यापिटल लिमिटेड<br>लाजिम्पाट, काठमाण्डौं ।<br>फोन नं. : ४००५०८०, ४००५०८४<br>Email: info@niblcapital.com.np<br>Web: www niblcapital.com | प्रभु क्यापिटल लिमिटेड<br>कमलादी, काठमाण्डौं ।<br>फोन नं.: ४२२२९३९, ४२२२९४६<br>Email: info@prabhucapital.com<br>Web: www. prabhucapital.com |

SARBOTTAM CEMENT LTD. 2019

ख.१. प्रारम्भिक विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

**ख.१. प्रारम्भिक विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

(क) **"धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले ग्लोबल आइएमई क्यापीटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र सह निष्कासन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल एस क्यापिटल लिमिटेड र प्रभु क्यापीटल लिमिटेडलाई सम्झनु पर्दछ.।

(ग) **"कम्पनी"** भन्नाले निष्कासनकर्ता कम्पनी सर्वोत्तम सिमेन्ट लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) **"कम्पनीका कर्मचारीहरु"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरु सम्झनु पर्दछ ।

(ङ) **"निष्कासन बैंक"** भन्नाले यस निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकलाई सम्झनु पर्दछ ।

(च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) **"संस्थापक"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडका संस्थापकलाई सम्झनु पर्दछ ।

(ज) **"सञ्चालक"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको सञ्चालकलाई सम्झनु पर्दछ ।

(झ) **"कार्यकारी प्रमुख"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) **"व्यवस्थापन"** भन्नाले सर्वोत्तम सिमेन्ट लिमिटेडको व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ट) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ठ) **"बुक विल्डिङ्ग विधि"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७४ को नियम २५ (ग) तथा बुक विल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम संगठित संस्थाले धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन गर्दा धितोपत्रको निष्काशन मूल्य निर्धारण गरिने विधि वा प्रक्रियालाई जनाउँछ ।

(ड) **"योग्य संस्थागत लगानीकर्ता"** भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २५ (ग) को उपनियम (५) बोर्डबाट स्वीकृत प्राप्त संस्था सम्झनु पर्छ ।

(ढ) **"छलफल कार्यक्रम"** भन्नाले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (७) बमोजिम योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागी गराई, सोही निर्देशिकाको दफा (८) अनुरुप आशय मूल्य (योग्य संस्थागत लगानीकर्ताहरुसँग निजले चाहेको न्यूनतम खरिद संख्या र आशय मूल्य र सो को मूल्याङ्कन विधि सहित प्रारम्भिक विवरणपत्रमा केही सुझाव भएमा सो समेत) प्राप्त गर्ने प्रयोजनका लागि गरिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ण) **"आशय मूल्य"** भन्नाले योग्य संस्थागत लगानीकर्ताले छलफल कार्यक्रम समाप्त भएको पाँच (५) कार्य दिनभित्र प्रारम्भिक विवरणपत्रको सम्बन्धमा मूल्याङ्कनको आधार सहित केही सुझाव भएमा सो सहित पेश गरेको खरिद आशय मूल्यलाई जनाउँछ ।

योग्य संस्थागत लगानीकर्ताबाट बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (८)(२) को व्यवस्था बमोजिमको विवरण प्राप्त भई सोही निर्देशिकाको दफा (८)(३) बमोजिमको आशय पत्र प्राप्त हुन नसकेमा कम्पनीले सोही निर्देशिकाको दफा ८(४) बमोजिम पुन: आशय मूल्य प्राप्त गर्न सक्नेछ ।

(त) **"प्रारम्भिक विवरणपत्र"** भन्नाले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को निर्देशन नं. ६ बमोजिम तयार गरिएको प्रारम्भिक विवरणपत्र सम्झनु पर्छ ।

प्रारम्भिक विवरणपत्र प्रकाशन गरी योग्य संस्थागत लगानीकर्ताहरुबाट प्राप्त आशय मूल्यको आधारमा आधार मूल्य तय गरी धितोपत्रको बिक्री मूल्यको सिमा समेत उल्लेख भएको विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिइने छ । सो निवेदन उपर सोही निर्देशिकाको निर्देशन नं. १० बमोजिम बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(थ) **"बिक्री मूल्य सीमा"** भन्नाले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा ८(३), दफा ८(५) तथा दफा ११(५) को अधिनमा रही बिक्री मूल्य सीमा निर्धारण गर्दा योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त दफा ८(२) को व्यवस्था बमोजिमको विवरण प्राप्त भई सोही अनुसार प्राप्त आशय मूल्यमा दफा ८(३) मा भएको व्यवस्था बमोजिम योग्य संस्थागत लगानीकर्ताका लागि छुट्याइएको सम्पूर्ण धितोपत्र बिक्री हुने न्यूनतम आशय मूल्यलाई बिक्री मूल्य सीमाको तल्लो सीमा कायम गरी सो मा २५ प्रतिशत थप गर्दा हुन आउने मूल्यलाई आधार मूल्य कायम गर्ने र सो आधार मूल्यमा २० प्रतिशत थप गर्दा हुन आउने मूल्यलाई बिक्री मूल्य सीमाको माथिल्लो सीमा कायम गर्दा निर्धारण हुन जाने मूल्य सीमालाई जनाउँछ ।

**आशय मूल्य पेश गर्ने योग्य संस्थागत लगानीकर्ताले पेश गरेको आशय मूल्य विक्री मूल्य सीमा भन्दा बढी भएमा विक्री मूल्य सीमाको अधिकतम मूल्यमा बोलकबोल प्रक्रियामा अनिवार्य रुपमा सहभागिता जनाउनुपर्नेछ ।**

(द) **"कट अफ मूल्य"** भन्नाले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोल मार्फत निष्काशित सम्पूर्ण धितोपत्र बिक्री हुँदा कायम हुन आउने बोलकबोल मुल्य जनाउँछ ।

(ध) **"वित्तीय विवरण"** भन्नाले कम्पनीको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरणलाई सम्झनु पर्दछ ।

(न) **"विवरणपत्र"** भन्नाले संगठित संस्थाले धितोपत्रको सार्वजनिक निष्काशन गर्नु अघि ऐनको दफा ३० बमोजिम प्रकाशन गर्नुपर्ने विवरणपत्र सम्झनु पर्दछ ।

**ख.२ प्रारम्भिक विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**प्रारम्भिक विवरणपत्र प्राप्त गर्न सक्ने स्थान**

| सि.नं. | कम्पनीको नाम र ठेगाना | वेभसाइट |
|---|---|---|
| १. | **निष्काशनकर्ता कम्पनी :** श्री सर्वोत्तम सिमेन्ट लिमिटेड, सुविधानगर, तीनकुने, काठमाण्डौं । | www.sarbottamcement.com |
| २. | **निष्कासन तथा बिक्री प्रबन्धक :** श्री ग्लोबल आइएमई क्यापीटल लि.,नक्साल, काठमाण्डौं । | www.globalimecapital.com |
| ३. | **सह निष्काशन तथा बिक्री प्रबन्धक** : श्री एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौं । | www.niblcapital.com |
| ४. | **सह निष्काशन तथा बिक्री प्रबन्धक :** श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ । | www.prabhucapital.com |

SARBOTTAM CEMENT LTD. 2019

**ग.१.धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता सर्वोत्तम सिमेन्ट लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै प्रारम्भिक विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (६) बमोजिम योग्य संस्थागत लगानीकर्ताबाट सोही निर्देशिकाको दफा (७) बमोजिमको छलफल कार्यक्रम सञ्चालन गरी आशय मूल्य प्राप्त गर्ने प्रयोजनको लागि प्रारम्भिक विवरणपत्र तयार गरिएका हो ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो प्रारम्भिक विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस प्रारम्भिक विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका साथै निष्कासन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको शुद्धता तथा सत्यताप्रति यस प्रारम्भिक विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस सर्वोत्तम सिमेन्ट लिमिटेडले प्रकाशित गरेको प्रारम्भिक विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानुन अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं ।

साथै कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०७७/०७८ सम्मको विवरणहरु पेश गरी उक्त कार्यालयको मिति २०७८/१२/०१ गतेको निर्णयानुसार यस कम्पनी आ.व.२०७७/०७८ सम्मको लागि अद्यावधिक गरिएको छ ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्कासन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानुन विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

SARBOTTAM CEMENT LTD. 2019

ग.३. **संगठित संस्था सम्बन्धी जानकारी :**

ग.३.क. **संगठित संस्थाको पृष्ठभूमि :**

(क) संस्थाको नाम : सर्वोत्तम सिमेन्ट लिमिटेड (Sarbottam Cement Limited)

(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(ग) संस्थाको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३२, तिनकुने, सुविधानगरमा रहेको छ । आवश्यकतानुसार स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिने छ ।

(घ) कारोवार गर्ने मुख्य स्थान : यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२, तिनकुने, सुविधानगरमां रहेको छ । यस कम्पनीको उद्योग नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ११, जोडेनी र चुनढुंगा खानी उत्खनन सम्बन्धी उद्योग पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ (साबिक कचल गा.वि.स. वडा नं ३) र निस्दी गाउँपालिका (साविक ज्यामिरे गा.वि.स.) एवं गुल्मी/पाल्पा जिल्लाको साविक दौधा/सिद्धेश्वर गा.वि.स. सुनपानीमा रहेको छ ।

(ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) सर्वोत्तम सिमेन्ट प्रा.लि. मिति २०६७/०६/२० गते प्रा. लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०७६/०४/३० गते कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र अनुसार प्रा.लि. बाट पब्लिक लिमिटेडमा परिणत भई सर्वोत्तम सिमेन्ट लिमिटेड (लि.नं.२२१४८३) मा अभिलेख भई कारोबार सञ्चालन गर्दै आएको छ ।

(२) सिमेन्ट उत्पादन गर्ने उद्देश्य उल्लेख भई ठूला उद्योगको रुपमा यस कम्पनीले मिति २०६८/०८/२८ गते उद्योग विभागबाट उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १४१९/११९/०६८-०६९) प्राप्त गरेको छ । यस कम्पनीको प्यान रजिष्ट्रेशन नं. ३०४५६९९३७ रहेको छ ।

(३) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ अन्तर्गत रिडसिङ सामुदायिक वनको ४.८९६ हेक्टर वन क्षेत्र चुनढुङ्गा उत्खननका लागि उपयोग गर्न नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट मिति २०७१/०७/१० गते अनुमति प्राप्त गरेको तथा भोगाधिकार अनुमति प्राप्त गरेको मितिबाट २७ वर्षसम्म अनुमति वहाल रहने छ ।

(४) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा ११.९४ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्व विभागबाट मिति २०६९/०५/०६ गतेदेखि मिति २०९९/०५/०५ गतेसम्म अनुमति बहाल रहने गरी मिति २०६९/०५/०६ मा चुनढुङ्गा खानी उत्खनन कार्यको लागि अनुमति पत्र (न.११।०६९।०७०) प्राप्त गरेको छ ।

(५) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र, खानी तथा भुगर्भ विभागबाट (न. ९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो खानीको चुनढुंगा उत्खनन् योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या : ०७७/७८/१०३३, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भै अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्रसंख्याः ०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुंगा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र बन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको छ ।

(६) कम्पनीले खानी तथा भुर्गभ विभागबाट गुल्मी/पाल्पा जिल्ला साविक दौधा/सिद्धेश्वर गा.वि.स.सुनपानी अन्तर्गत ९ वर्ग कि.मी. क्षेत्रफलमा चुनढुंगा उत्खनन कार्यको लागि अनुमति पत्र नं. ४/०७३/७४ बाट मिति २०७३/११/०४ मा २० वर्षको लागि अनुमति प्राप्त गरेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्र संख्याः ०७६/७७/७४३ चलानी नं.१०११ मिति २०७६/०८/११ गतेको पत्र मार्फत पाल्पा जिल्लाको निस्दी गा.पा. अन्तर्गत ५.९२५ बर्ग कि.मी. क्षेत्रफलमा मिति २०७६/०७/०८ देखि ३० वर्ष सम्मका लागि ठूला स्तरको चुनढुँगा उत्खनन् कार्यका लागि अनुमति प्राप्त गरेको छ । साथै धादिङ्ग जिल्ला बेनिघाट रोरांग गाउँपालिका स्थित कान्द्रांगढी चुनढुँगा भण्डारको उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बिच मिति २०७८ साल पुष १४ गते दुबै पक्ष बिच सम्झौता भएको छ ।

(७) कम्पनीले उद्योग विभागको मिति २०७३/०७/१० गतेको पत्रबाट मिति २०७१/११/०१ गतेदेखि लागु हुने गरी व्यवसायिक उत्पादन गरेको पत्र प्राप्त गरेको छ ।

(८) पाल्पा जिल्ला, तिनाउ गाउँपालिका वडा नं १ (साबिक कचल गा.वि.स. वडा नं ३) को चुनढुङ्गा उत्खननको क्षमता वृद्धिको लागि तयार गरिएको संशोधन सहितको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागबाट मिति २०७६/०३/१२ गते स्वीकृत प्राप्त गरेको छ ।

(९) कम्पनीले उद्योग विभागबाट पूँजी तथा क्षमता वृद्धि सम्बन्धमा मिति २०७७/०३/२३ गते पूँजी तथा क्षमता वृद्धि गर्ने अनुमति प्राप्त गरेको छ । संशोधित क्षमता अनुसार कम्पनीको उत्पादन क्षमता ३,००० टिपिडि तथा विद्युत शक्ति १८,००० केभीए रहेको छ ।

(१०) कम्पनीको क्षमता अभिवृद्धि सम्बन्धी संशोधित वातारणीय परिक्षण प्रतिवेदन मिति २०७७/०३/२२ गतेको निर्णयानुसार उद्योग विभागबाट स्वीकृति प्राप्त भएको छ ।

(११) उद्योगको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

| | |
|---|---|
| उद्योग रहेको स्थल | : नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ११, जोडेनी । |
| उद्योगको किसिम | : उत्पादनमूलक |
| उत्पादन शुरु भएको मिति (RCOD) | : २०७१/११/०१ |
| उद्योगको कूल लागत | : रु.११,८८,००,९०,१३८।०० (२०७८/०७९ को चैत मसान्तसम्को अपरिष्कृत वित्तीय विवरण) |
| उद्योग उत्पादन अनुमति प्राप्त मिति | : २०६८/०८/२८ |
| उद्योगको उत्पादन क्षमता | : प्रति दिन ३,००० टन क्लिंकर र प्रति दिन ६० हजार बोरा सिमेन्ट । |
| उद्योगले प्रयोगमा ल्याएको प्रविधि | : VRM Technology (Denmark) |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

क) सबै किसिमका गुणस्तरीय सिमेन्ट उत्पादन गरी स्वदेश तथा विदेशमा समेत बिक्री बितरण गर्ने गराउने ।

ख) सिमेन्ट तथा सिमेन्ट उद्योगलाई चाहिने कच्चा पदार्थ सम्बन्धी खानीको अध्ययन अन्वेषण, अनुसन्धान, उत्खनन् कार्य गर्ने गराउने ।

ग) उपरोक्त उद्देश्य बमोजिमका सबै किसिमका परामर्श सेवा प्रदान गर्नुका साथै सिमेन्ट उद्योगलाई आवश्यक कच्चा पदार्थहरु जस्तैः क्लिंकर, जिप्सम, चुनढुङ्गा, रातोमाटो, फलामेधाउ, बक्साइट आदि स्वयं उत्पादन गरी वा विदेशबाट आयात गरी बिक्री वितरण समेत गर्ने गराउने ।

घ) उपरोक्त उत्पादित वस्तुहरुको बिक्री वितरण गर्ने, सेल्स डिपो खोल्ने, एजेन्ट, डिष्ट्रिब्युटर, डिलरसिप नियुक्ति गर्ने ।

ङ) चून तथा चून सम्बन्धी सबै किसिमका सामानहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउने ।

SARBOTTAM CEMENT LTD. 2019

च) सबै किसिमका सिमेन्ट ब्लेण्डिङ तथा बिक्री वितरण गर्ने गराउने ।
छ) यस उद्योग सम्बन्धी सम्पूर्ण किसिमका प्याकिङ मेटेरियलहरु उत्पादन तथा बिक्री वितरण गर्ने गराउने ।
ज) सम्बन्धित निकायबाट स्वीकृति लिनु पर्नेमा सो लिई उपरोक्त उद्योगलाई सबै किसिमको खानीबाट चाहिने कच्चा पदार्थ निकाल्ने, स्वयं प्रयोग गर्ने तथा बिक्री वितरण गर्ने ।
झ) समान उद्देश्य भएका अन्य कम्पनीलाई लिजमा लिई सञ्चालन गर्ने ।
ञ) अन्य कम्पनीमा लगानी गर्ने ।
ट) रेडिमिक्स कंक्रिट उत्पादन तथा बिक्रि वितरण गर्ने ।
ठ) नेपालभित्र खनिज कार्य गर्ने गराउने ।
ड) प्रचलित कानूनको अधिनमा रहि धातु, अधातु खनिज वस्तुहरुको सम्भाब्यता अध्ययन गरी खानी पत्ता लगाई खानी उत्खनन गर्ने इजाजत प्राप्त गरी, उद्योग स्थापना गरी खनिज जन्य बस्तुहरु उत्पादन गर्ने तथा आवश्यक प्रशोधन गर्ने तथा बिक्री वितरण गर्ने गराउने ।
ढ) नेपाल सरकार तथा सम्बन्धित निकायको स्वीकृति लिई सरकारी, अर्धसरकारी तथा नीजि स्तरबाट आव्हान गरिने सिमेन्ट आपूर्ति सम्बन्धी ठेक्कापट्टा वोल कवोलमा सहभागी भई प्रचलित ऐन कानूनको अधिनमा रही निर्माण तथा मर्मत सम्बन्धी ठेक्कापट्टाको कार्य गर्ने गराउने ।
ण) कम्पनीलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरु ईट्टा, ढुङ्गा, रोडा, सिमेन्ट, बालुवा, टायल, मार्वल, स्टिल वायर, ग्रिल, शटर, झ्याल, चौकोश, जस्तापाता, फलामे डण्डी, रंगरोगनका सामाग्रीहरु, मेशिन, औजार, उपकरणहरु, यन्त्रहरु, ऐना, सिसा वा जडान गर्ने, मर्मत संम्भार गर्ने तथा बिक्री वितरण गर्ने तथा गराउने ।

२) कम्पनीको उपदफा १ बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।
३) उपदफा १ मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिनभित्र त्यस्तो अनुमति तथा इजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिने छ ।

(च) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) हाल सम्म :**

**(१) सहायक कम्पनीको नाम :**
क) सर्वोत्तम होल्डिङ्ग प्रा. लि.
ख) सर्वोत्तम इन्भेष्टमेन्ट प्रा. लि.

**(२) सहायक कम्पनीको इतिहास र मुख्य उद्देश्य :**

**क)** सर्वोत्तम होल्डिङ्ग प्रा. लि.

यस सर्वोत्तम होल्डिङ्ग प्रा. लि. कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं २४९०६६/०७७/०७८ अन्तर्गत मिति २०७७ साल मंसिर १९ गतेका दिन दर्ता भएको कम्पनी हो । यस कम्पनीको प्यान नं. ६०९८६८०५६ रहेको छ । यस कम्पनीमा सर्वोत्तम सिमेन्ट लिमिटेडको शतप्रतिशत लगानी रहेको छ ।

**यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित मुख्य उद्देश्य तपसील बमोजिम रहेका छन् :**

१. स्वीकृति लिन पर्नेमा स्वीकृति लिई देशको पूर्वाधार विकास कार्यमा आवश्यक पर्ने सिमेन्टको मागलाई मध्यनजर गरी अत्याधिक मेशिन र प्रविधि जडित सिमेन्ट कारखानाको स्थापना गरी क्लिंकर तथा विभिन्न ग्रेड एवं प्रकारका सिमेन्टको उत्पादन गरी स्वदेशमा विक्री वितरण गर्नुका साथै विदेशमा समेत निकासी गरी विदेशी मुद्रा आर्जन गर्ने ।
२ सिमेन्टसँग सम्बन्धित चुनढुंगा लगायतका आवश्यक सबै खनिज पदार्थहरुको खोजतलास, अन्वेषण एवं उत्खनन तथा विकास गरी प्रशोधन समेतका कार्यहरु गर्ने, गराउने ।
३ खनिज जन्य पदार्थ, क्लिंकर तथा सिमेन्ट लगायतका निमार्ण सामाग्रीहरुको सप्लाइसँग सम्बन्धित टेन्डर एवं ठेक्कापट्टामा भाग लिने, कोटेशन वा ठेक्का बमोजिम आपूर्ति कार्य गर्ने, गराउने, ठेक्का सम्झौतानुसारका कार्यहरु गर्ने, गराउने ।
४ प्रचलित कानुनको अधिनमा रही सिमेन्ट उत्पादन गर्ने, आवश्यक पर्ने खनिजजन्य कच्चा पदार्थहरु जस्तै चुनढुगा बालुवा, स्लेट, पत्थर, कोइला, तामा, जिंक, कोवाल्ट, खनिज तेल, फलाममे धाउ, पाइराइट, जिप्सम आदिको खोजलतास, अन्वेषण गर्ने उत्खनन गरी प्रशोधन गर्ने, खरिद वा आयात गरी उद्योगलाई बढि हुन जाने सामानहरु निकासी एवं विक्री वितरण लगायतका कार्यहरु गर्ने ।
५ कम्पनीको कार्य विस्तार गर्दै जादा सिमेन्टसँग सम्बन्धित अन्य कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग मेटेरियल्स लगायतका अन्य वस्तुहरुको उत्पादन र विक्री वितरण गरी मुनाफा आर्जन गर्ने ।
६. विदेशी नागरिक एवं संघ सस्था, कम्पनीसँगको सहायक र संयुक्त लगानी, संयुक्त उपक्रम (Joint Venture) मा नेपालको विकासका लागि आवश्यक उद्योग व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यहरु गर्ने । विभिन्न प्रकारका उद्योग एवं कम्पनीहरुमा शेयरमा लगानी गरी उक्त उद्योग व्यवसायहरुको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने, गराउने ।
७. स्वदेशी वा विदेशी व्यक्ति वा संघ संस्थासँग सम्पर्क विस्तार गरी स्वदेशमा लगानी भित्रयाउने । उद्योग व्यवसाय सञ्चालन गरी देशलाई औद्योगिक विकासमा सहयोग पुग्ने कार्यहरु गर्ने ।

**ख)** सर्वोत्तम इन्भेष्टमेन्ट प्रा. लि.:

सर्वोत्तम इन्भेष्टमेन्ट प्रा. लि. कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५१०३६/ ०७७/७८ अन्तर्गत मिति २०७७ साल पुष ९ गतेका दिन कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भएको हो । यस कम्पनीको प्यान नं. ६०९८८७४२२ रहेको छ । यस कम्पनीमा सर्वोत्तम सिमेन्ट लिमिटेडको शतप्रतिशत लगानी रहेको छ ।

यस कम्पनीको प्रबन्धपत्रमा उल्लेखित उद्देश्यहरु मध्ये मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) सघीय नेपालमा हाल सञ्चालनमा रहेका तथा सञ्चालन हुने दुरसञ्चार, सूचना प्रविधि, जलविद्युत, उद्योग, पर्यटन उद्योग, एग्रिकल्चर उद्योग, भौतिक पूर्वाधार निर्माण, बैंकिङ्ग, वित्तीय संस्था, बीमा, शिक्षा तथा मेडिकल क्षेत्र तथा सो सँग सम्बन्धित क्षेत्रका कम्पनीहरुको शेयर तथा डिबेञ्चरमा लगानी गर्ने ।
(ख) नेपालभरी सञ्चालनमा रहेका तथा सञ्चालन हुने कुनै पनि पब्लिक तथा प्राइभेट कम्पनीहरुको शेयर तथा डिबेन्चरमा लगानी गर्ने साथै सहकार्य र सामुहिक भावनाको कदर गर्दै लगानी मैत्री वातावरण बनाउनको लागि आवश्यक पहल गर्ने ।
(ग) संघीय नेपालमा हाल सञ्चालनमा रहेका तथा सञ्चालन हुने कुनै पनि पब्लिक तथा प्राइभेट कम्पनीहरुको Mutual Fund, Security, IPO तथा Secondary Market को शेयर तथा डिबेन्चरमा लगानी गर्ने साथै नेपाल सरकार तथा मातहतका निकायले निष्काशन गर्ने Bond, Treasury Bill मा लगानी गर्ने ।

SARBOTTAM CEMENT LTD. 2019

६

(घ) सम्बन्धित निकायको अनुमति लिनुपर्ने भए अनुमति लिई धितोपत्र बजारसँग सम्बन्धित कारोबार गर्ने, स्टक एक्सचेन्ज स्टक दलालसँग सम्बन्धित कार्य गर्ने, स्टक खरिद बिक्री गर्ने तथा वित्तीय बजार तथा धितोपत्र बजारको सुपरिवेक्षण वा मध्यस्थतासँग सम्बन्धित कार्य गर्ने साथै सो सँग सम्बन्धित सहायक कार्य गर्न गराउने ।

(ङ) आफ्नो लगानी भएका कम्पनी तथा संस्थाको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने गराउने ।

(च) आफ्नो उद्देश्यसँग प्रत्यक्ष सरोकार राख्ने कार्यका लागि सरकारी, गैरसरकारी, विदेशी, व्यवसायिक प्रतिष्ठान, कम्पनी,कुटनैतिक नियोग, उद्योग प्रतिष्ठान, कल कारखाना, विद्यालय, वित्तीय संघ संस्थाहरु वा व्यक्तिहरुसँग बोलपत्रद्वारा भाग लिई, सूचिकृत भई वा साभै वार्ताद्वारा आवश्यक कार्य गर्ने गराउने ।

(छ) आफ्नो व्यवसायिक उद्देश्यका लागि नेपालभरी आफ्नो व्यवसायिक प्रतिनिधी नियुक्त गर्ने ।

(ज) कम्पनीको उद्देश्यसँग मिल्ने अन्य कम्पनी वा फर्मको संयुक्त वा सब एजेन्ट भई कार्य गर्ने गराउने ।

(झ) आफ्नो व्यवसायको लागि आवश्यक पर्ने विभिन्न किसिमका यन्त्र, औजार, उपकरण लगायतका सामाग्रीहरु विदेशबाट आयात गर्ने गराउने ।

**(३) सहायक कम्पनीमा भएको लगानीको प्रतिशत :**

(क) सर्वोत्तम होल्डिङ्ग प्रा. लि. को कुल चुक्ता पूँजीको १०० प्रतिशत ।

(ख) सर्वोत्तम इन्भेष्टमेन्ट प्रा. लि.को कूल चुक्ता पूँजीको १०० प्रतिशत ।

(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : चुनढुंगा उत्खनन् र प्रशोधन गरी अत्याधुनिक प्रविधि जडित प्लाण्ट एण्ड मेशिनरीबाट उच्च गुणस्तरको क्लिंकर तथा विभिन्न ग्रेडका सिमेन्ट उत्पादन तथा बिक्री वितरण गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि** : कम्पनीले डेनमार्क टेक्नोलोजीबाट बनेको उच्चस्तरीय उत्पादन प्रविधिहरु जडित आधुनिक Rotary Kiln र VRM (Danish) ग्राईन्डिङ्ग उपकरण प्रयोगमा ल्याएको छ । साथै, कम्पनीले वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस जस्तो आधुनिक उपकरणहरुलाई प्रयोगमा ल्याएको छ ।

(३) **कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र कम्पनीसँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : कम्पनीले उत्पादन गर्ने सिमेन्टको ब्राण्डनेम ग्रिन सर्वोत्तम सिमेन्ट ओ. पि. सि. र सौरभ ग्रिन सर्वोत्तम सिमेन्ट पि.पि.सि. रहेको छ । उक्त ब्राण्डनेम बाहेक सर्वोत्तम सिमेन्टले ग्रिन सर्वोत्तम पि एस सि सिमेन्ट, सौरभ, श्री शक्ति, भि आर एम सिमेन्ट, N. CEM , Western Cement , Green VRM लगायतका ट्रेडमार्कहरुको पेटेन्ट र डिजाइन ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम उद्योग विभागबाट ट्रेडमार्क चिन्ह दर्ता प्रमाण पत्र प्राप्त गरेको छ, जसको ट्रेडमार्क रजिष्ट्रेशन प्रमाण पत्र नं. क्रमशः ०४७१८२, ३९७२३, ३९७२२, ३९७२५, ३९७२६, ३९७२४, ३९७२७/ ३९७३२ रहेका छन् ।

उक्त ट्रेडमार्क चिन्ह लगायत कम्पनीले प्राप्त गरेका अन्य प्रमाण पत्रहरु कम्पनीका औद्योगिक सम्पत्ति तथा बौद्धिक सम्पत्तिको हक कम्पनीमा सुरक्षित रहेका छन । उपरोक्त मध्ये कम्पनीले ग्रिन सर्वोत्तम सिमेन्ट ओ पि सि (४३ ग्रेड/५३ ग्रेड) र सौरभ ग्रिन सर्वोत्तम पि.पि.सि.को नामको प्रमाणपत्र नं. ६२३ र ४८२ मार्फत नेपाल गुणस्तर तथा नापतौल बिभागबाट नेपाल गुणस्तर प्रमाण चिन्ह समेत प्राप्त गरेको छ ।

साथै, सर्वोत्तम सिमेन्टको ब्रान्डनेम ग्रिन सर्वोत्तम सिमेन्ट ओ. पि. सि.मा शुभ श्री जगदम्वा सिमेन्ट मिल्स प्रा.लि.ले उत्पादन गर्ने गरी दुबै पक्षबीच सम्झौता सम्पन्न भई उद्योग विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागबाट स्वीकृत प्राप्त भएको छ । त्यसैगरी उत्पादित वस्तुको गुणस्तर निर्धारण गर्ने भारतको सरकारी निकाय Bureau of Indian Standard बाट कम्पनीबाट उत्पादित सिमेन्टलाई गुणस्तरको सर्टिफिकेट प्राप्त गर्ने कार्य प्रक्रियामा रहेको र तत्पश्चात् कम्पनीबाट उत्पादित सिमेन्ट भारतीय बजारमा निर्यात गर्न सकिने छ ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** कम्पनीले उत्पादित वस्तु बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । कम्पनीले ओगटेको प्रमुख बजार क्षेत्र नेपालभरी नै रहेको छ । साथै निकट भविष्यमा नेपाल बाहिर भारत लगायत अन्य देशहरुमा समेत निकासी गर्ने योजना रहेको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना:** हाल कम्पनीले ओ. पि. सि. (४३ ग्रेड/५३ ग्रेड) र पि. पि. सि. सिमेन्टमा प्राथमिकता दिएको भएता पनि आगामी दिनमा आउन सक्ने बजारको मागलाई ध्यानमा राखी पि.एस.सि., स्लाग सिमेन्ट लगायतका अन्य विभिन्न ब्राण्ड र ग्रेडका सिमेन्ट उत्पादन गरी बजारको आवश्यकतालाई परिपूर्ति गर्ने योजना राखेको छ । कम्पनीले उत्पादन विविधिकरण गर्न सक्ने गरी संरचना बनाएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका** : कम्पनीको उद्योग रहेको जिल्ला नवलपरासी र अन्य जिल्ला तथा स्थानहरु क्रमशः कपिलबस्तु, बुटवल, मकवानपुर, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, बारा, पर्सा, दोलखा, चितवन, धादिङ,रौतहट, सर्लाही, सिन्धुली, पोखरा, तनहुँ, गोरखा, स्याङ्जा, पर्वत, लमजुङ्ग, म्याग्दी, बाग्लुङ्ग, नेपालगंज, धनगढी समेतका क्षेत्रहरुमा उत्पादित सिमेन्ट बिक्री वितरणको लागि कम्पनीले दुई (२) प्रकारका वितरण प्रणाली अवलम्बन गरेको छ । जसमा डिलर वितरण प्रणाली मार्फत होलसेलर, रिटेलर हुँदै ग्राहकसम्म पुरयाउने र अर्को प्रणाली अनुसार उद्योगबाट सोझै ठुला ठुला परियोजना तथा आयोजनाहरुमा सिधै आपूर्ति गर्ने व्यवस्था गरी बिक्री वितरण गर्ने गरिएको छ । साथै बजार प्रवर्द्धनका कार्यहरु समेत सञ्चालन गरिएको छ ।

साथै, सर्वोत्तम सिमेन्टको ब्रान्डनेम "ग्रिन सर्वोत्तम सिमेन्ट ओ.पि.सि." मा शुभ श्री जगदम्वा सिमेन्ट मिल्स प्रा.लि.ले उत्पादन गर्ने सिमेन्ट कम्पनीको वीरगञ्ज युनिटबाट पूर्वी तराइका जिल्लाहरुमा समेत बिक्री वितरण गर्ने योजना रहेको छ ।

(७) **उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** आ.व. २०७४/७५ मा क्लिकर ४,६४,२२२.५६ मेट्रिक टन तथा सिमेन्ट २,९७,२०१.३० मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । आ.व. २०७५/०७६ मा क्लिंकर ६,३३,०७०.२४ मेट्रिक टन तथा सिमेन्ट २,९९,७६९.१८ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । आ.व.२०७६/०७७ मा क्लिंकर ८,१९,७५३.७८ मेट्रिक टन तथा सिमेन्ट २,९६,३१२.६५ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ र आ.व.२०७७/०७८ मा क्लिंकर ९,९७,२७६.०९ मेट्रिक टन तथा सिमेन्ट ५,६०,१४१.५८ मेट्रिक टन उत्पादन गरी बिक्री वितरण गरेको छ । यस कम्पनीको क्लिंकर उत्पादन क्षमता बार्षिक ९,९०,००० मेट्रिक टन (३,००० टिपिडी) र सिमेन्ट उत्पादन क्षमता बार्षिक ९,९०,००० मेट्रिक टन (३,००० टिपिडी) रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

(क) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँ पालिका वडा नं.१ मा ११.९४ वर्ग कि.मि. क्षेत्र खानी तथा भुगर्भ विभागबाट मिति २०६९/०५/०६ गतेदेखि मिति २०९९/०५/०५ सम्म अनुमति वहाल रहने गरी मिति २०६९/०५/०६ मा चुनढुङ्गा खानी उत्खनन कार्यको लागि अनुमति पत्र (न.११।०६९।०७०) प्राप्त गरेको छ ।

(ख) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ अन्तर्गत रिडसिङ सामुदायिक वनको ४.८९६ हेक्टर वन क्षेत्र चुनढुङ्गा उत्खननका लागि उपयोग गर्न नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट मिति २०७१/०७/१० गते अनुमति प्राप्त गरेको तथा भोगाधिकार अनुमति प्राप्त गरेको मितिबाट २७ वर्षसम्म अनुमति वहाल रहेको छ ।

(ग) कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र, खानी तथा भुगर्भ विभागबाट (न. ९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो खानीको चुनढुंगा उत्खनन् योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या : ०७७/७८/१०३३, चलानी नं. १३७१ मिति



SARBOTTAM CEMENT LTD. 2019

२०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भै अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागले पत्रसंख्या: ०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुंगा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र बन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको छ ।

(घ) त्यसैगरी खानी तथा भुगर्भ विभागको पत्र संख्या: ०७६/७७/७४३ चलानी नं.१०११ मिति २०७६/०८/११ गतेको पत्र मार्फत पाल्पा जिल्लाको निस्दी गा.पा. अन्तर्गत ५.९२५ बर्ग कि.मी. क्षेत्रफलमा मिति २०७६/०७/०८ देखि ३० वर्ष सम्मका लागि ठूला स्टरको चुनढुँगा उत्खनन् कार्यका लागि अनुमति प्राप्त गरेको छ । साथै धादिङ्ग जिल्ला बेनिघाट रोरांग गाउँपालिका स्थित कान्द्रांगढी चुनढुँगा भण्डारको उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बिच मिति २०७८ साल पुष १४ गते दुबै पक्ष बिच सम्झौता भएको छ ।

साथै अन्य कच्चा पदार्थहरु जस्तै कोइला, जिप्सम आईरनओर, प्याकिङ्ग मेटेरियल्स लगायतका कच्चा पदार्थहरु आयात तथा स्थानीय बजारबाट खरिद गरी प्रयोग गर्दै आईरहेका छ ।

(९) **गुणस्तर नियन्त्रणको लागि गरिएको व्यवस्था**:अत्याधुनिक भि.आर.एम. प्रविधियुक्त प्लान्ट एण्ड मेशिनरी जडित उद्योगको निर्माण, चुनढुङ्गा संकलनको लागि प्रयाप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण व्यवस्था, वातावरणीय वायु प्रदुषण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस निर्माण तथा नेपाल गुणस्तर चिन्ह आइएसओ प्रमाण पत्र १४००१:२०१५ र आइएसओ प्रमाण पत्र ९००१:२०१५ को मान्यता प्राप्त गरेको छ । उद्योगमा २४सै घण्टा आफ्नै अत्याधुनिक ल्याबबाट हरेक घण्टामा उत्पादन परीक्षण गर्ने गरिएको छ । चुनढुङ्गाको गुणस्तर परिक्षणको लागि स्वचालित उपकरणहरु उद्योग मै जडीत छ । साथै उत्पादित सिमेन्टको हरेक ब्याच सरकारी तथा अन्य निजी ल्यावहरुमा समेत नियमित गुणस्तर परीक्षण गर्ने गरिनुका साथै सिमेन्टको Compressive Strength परिक्षण गर्ने उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल ल्याबबाट सिमेन्टको ज्ञान भएका अनुभवी ईन्जिनियर, प्राविधिक मार्फत निर्माणस्थलमा गई उत्पादित सिमेन्टको गुणस्तरको जानकारी गराउने व्यवस्था मिलाईएको छ । कम्पनीले उत्पादन गरेको सिमेन्ट उच्च गुणस्तरको रहेको छ । साथै, कम्पनीमा रहेको अत्याधुनिक प्रविधियुक्त XRF मेशिनले कच्चा पदार्थको गुणस्तरियताको परिक्षण गर्ने र परिक्षण पश्चात् मात्र कच्चा पदार्थ प्रयोगमा ल्याइने गरिएको छ ।

(१०) **अनुसन्धान तथा विकास** : कम्पनीले पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. १ मा रहेको ४.५२ वर्ग कि.मि. क्षेत्र, खानी तथा भुगर्भ विभागबाट (न. ९५।०६८।०६९) मिति २०६८/१०/०६ गतेको पत्रबाट अनुमति प्राप्त गरेको र सो खानीको चुनढुंगा उत्खनन् योजना (माइनिङ स्किम) को लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खानी तथा भूगर्भ विभागको पत्र संख्या : ०७७/७८/१०३३, चलानी नं. १३७१ मिति २०७७/०९/०६ गतेको पत्रबाट स्वीकृति प्राप्त गरे पश्चात् प्रारम्भिक वातावरणीय परिक्षण सम्पन्न भै अनुमति (अनुमति पत्र नं.१०१/०७८/७९) प्राप्त गरिसकेको छ । त्यसैगरी खानी तथा भुगर्भ विभागले पत्रसंख्या: ०७८/७९/२३१७ चलानी नं. ४६४८ मिति २०७९/०१/२५ गतेको पत्रबाट चुनढुंगा खानी उत्खननको लागि ५ हेक्टर क्षेत्र बन क्षेत्रमा पर्ने भएकोले सो को भोगाधिकारको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सिफारीसका लागि लेखि पठाएको छ । साथै धादिङ्ग जिल्ला बेनिघाट रोरांग गाउँपालिका स्थित कान्द्रांगढी चुनढुँगा भण्डारको उत्खनन् कार्यका लागि कम्पनी र खानी तथा भुगर्भ विभाग बिच मिति २०७८ साल पुष १४ गते दुबै पक्ष बिच सम्झौता भएको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : विगत १२ महिनाको अवधिमा कम्पनीको सञ्चालनमा असर पर्ने गरी कुनै वाधा व्यवधान नरहेको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : कम्पनीले उत्पादन गरेको सिमेन्टको बजार हिस्सा अत्यन्त उत्साहजनक रहेकोछ । उद्योगले उत्पादन गर्ने क्लिंकर तथा सिमेन्टले स्थानिय बजारमा अग्रस्थान ओगट्न सफल भएको छ । नेपालमा स्थापित अन्य उद्योगहरुले पनि यस कम्पनीलाई मुख्य कम्पनी र मुख्य ब्राण्डका रुपमा हेर्ने गरेका छन । अब सञ्चालनमा आउने उद्योगहरुबाट अवलम्बन गरिने बजार विस्तारका योजनाहरुलाई चनाखो रुपमा हेरी आगामी दिनमा बजारमा आफ्नो स्थिति लिडिङ्ग ब्राण्डका रुपमा स्थापित रहने विश्वास कम्पनीले लिएको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि कम्पनी कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : यस कम्पनीको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने प्रमुख ग्राहक जगदम्बा सिमेन्ट इन्डष्ट्रिज प्रा. लि. रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : सो नभएको ।

ग.३.ख. सम्पत्तिको विवरण :

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :नवलपरासी जिल्लामा अवस्थित सर्वोत्तम सिमेन्ट लिमिटेडको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

***(आर्थिक वर्ष २०७७/७८ को लेखापरिक्षणबाट प्रमाणित वित्तीय विवरण अनुसार)***

| सि. नं. | सम्पतिको विवरण | खुद सम्पत्ति रकम (रु. हजारमा) | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|
| १. | **ह्रासकट्टी नहुने सम्पत्ति** | | | |
| | जग्गा | १,५१,६६१ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| २. | **ह्रासकट्टी हुने सम्पत्ति** | | | |
| | ब्लक **A**<br>(सिमेन्ट मिल, क्लिङ्कर मिल, बाउण्ड्री वाल, लेवर क्वाटर, भण्डार कक्ष, अफिस भवन, प्लान्ट भवन, प्लान्ट एरियाको रोड, कर्मचारी आवास, टेम्पल) | २३,५९,६२१ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | ब्लक **B**<br>कम्प्युटर, फर्निचर, कार्यालय उपकरण तथा अन्य औजारहरु | २८,१९६ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | ब्लक **C**<br>सवारी साधनहरु | १७,८३० | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | ब्लक **D** | ४९,५९,४९१ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |

SARBOTTAM CEMENT LTD. 2019

| | | | | |
|---|---|---|---|---|
| | (सिमेन्ट मिल, क्लिङ्कर मिल, एयर कम्प्रेसर, ब्रेकर, क्लिङ्कर ग्राइन्डर, क्रशर, बल्कर, डिजि सेट, इलेक्ट्रिफिकेसन कार्य, एक्साभेटर, जेनेरेटर, ट्रान्सफर्मर, क्रेन, जेसिवि, लोडर, मोटर ग्राइन्डर, माइन्स डेभलपमेण्ट, अन्य सम्पत्ति, प्याकिङ प्लान्ट, प्लान्ट एण्ड मेसिनरी, टेलिफोन लाइन, ट्रक, टिप्पर, वेयट ब्रिज) | | | |
| | ब्लक **E (Intangibles)**<br>एकाउन्टिङ सफ्टवयर, सर्भर तथा नेटवर्किङ सिस्टम | १,९२५ | रजिष्टर्ड कार्यालय तथा उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| ३. | **क्यापिटल वर्क इन प्रोग्रेश**<br>निर्माणधिन सिभिल संरचना तथा मेशिनरी जडान कार्य | ३,८३,३७२ | उद्योग रहेको क्षेत्र | चालु अवस्थामा |
| | **जम्मा** | **७९,०२,०९५** | | |

(ख) बुँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने : कम्पनीको आफ्नै सम्पत्ति रहेको ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : उद्योगको स्वामित्वमा रहेको जग्गाहरु सहवित्तियकरण कर्जा प्रवाह गर्ने बैंकहरुको नाममा मोर्टगेजमा रहेको छ ।

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : कम्पनीको सम्पत्तिहरुको मुल्य परलमोलमा नै राखिएको र पूनर्मुल्याङ्कन नगरिएको ।

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : कम्पनीको सम्पूर्ण सम्पत्तिहरु ऐतिहासिक लागत मुल्य मा ह्रासकट्टी गरी मुल्यांकन गरिएको ।

ग.३.ग. भावी योजना तथा रणनीति :

(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :

उत्पादन विविधिकरण गर्ने, उद्योगसँग सम्बन्धित खानीहरुको अनुसन्धान तथा विकास गर्ने, थप खानी क्षेत्रहरुको अनुमति लिई चुनढुंगा र आइरनओरको व्यवस्थापन दीर्घकालिन रुपमा प्रबन्ध गर्ने, उद्योगको क्षमता विस्तार गर्ने तथा उपयुक्त अन्य स्थानमा शाखा उद्योग खोली सञ्चालन गर्ने योजना कम्पनीको रहेको छ । साथै, अन्य योजनाहरु देहाय अनुसार रहेका छन् ।

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको सिमेन्ट उद्योग विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेकोछ ।
(२) कम्पनीको प्लान्ट तथा उत्पादन क्षमतालाई वृद्धि गर्ने तथा सोही अनुसार वजार विस्तार गर्ने ।
(३) गुणस्तरीय उत्पादनलाई प्राथमिकतामा राखी देश विकास, पुर्ननिर्माण तथा भौतिक पुर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।
(४) सिमेन्टसँग सम्बन्धित खनिज पदार्थहरुको अन्वेषण तथा विकास र उत्खनन् कार्य गर्ने ।
(५) अन्य सिमेन्ट उत्पादकहरुलाई परामर्श सेवा तथा ईक्वीपमेण्ट उपलव्ध गराउने ।

उक्त योजनाहरु प्राप्तीका लागि हालसम्म कम्पनीले देहाय बमोजिमका कार्यहरु गरेको छ ।

(१) कम्पनीले आफ्नो उत्पादनहरुमा गुणस्तरियता कायम गरी निर्माण जगतको विश्वास जित्ने कार्य गर्दै उल्लेख्य रुपमा सर्वोत्तम सिमेन्टको ब्राण्डसँग कार्य गरिरहेको छ । बजार विस्तारलाई उच्च महत्व दिई विक्री पछिको प्राविधिक सेवाका लागि विशेषज्ञ ईन्जिनियरहरुको टोली निर्माणस्थलमा नै पुगी निःशुल्क रुपमा सेवा प्रदान गर्ने कार्य विगत वर्षहरुदेखि सञ्चालन गर्ने एक मात्र सिमेन्ट उत्पादक कम्पनीको रुपमा रहेको छ ।
(२) दैनिक १,१९० मे. टन सिमेन्ट र १,२०० मे. टन क्लिंकरबाट उत्पादन शुरु गरेको उद्योगले आफ्नो उत्पादन क्षमता विस्तार गर्दै लगी हाल दैनिक ३,००० मे. टन सिमेन्ट र ३,००० मे. टन क्लिंकर उत्पादन तथा विक्री वितरण गरिरहेको छ ।
(३) नवलपरासी, चितवन, पाल्पा, धादिङ र ललितपुर लगायतका जिल्लाहरुमा सम्भावित चुनढुङ्गा खानीस्थलहरुको थप पहिचानका लागि प्राथमिक चरणका कार्यहरु गरिरहेको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा कम्पनीको व्यबसायको भविष्य: देशमा माग बमोजिम सिमेन्ट उत्पादन गर्नु आफैमा सराहनिय काम भएको र सिमेन्ट उत्पादन सँगै माग पनि निर्धारण हुने र सोही अनुसार ग्राहक समेत पहिचान भई बजारमा सहजै बिक्री वितरण हुने अवस्था रहेको हुँदा यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसंग प्रतिस्पर्धा रहेता पनि माग बमोजिमको गुणस्तरीय सिमेन्टको आपूर्ति हुन नसकेको अवस्थामा यस कम्पनीले उत्पादन गर्ने सिमेन्ट उच्च गुणस्तरको भएको र बिक्री पछिको निःशुल्क प्राविधिक सल्लाह, परियोजना अनुसारको विश्वस्तरका विभिन्न ग्रेड र गुणस्तरका कारण यस कम्पनीले आफूलाई बजारमा सबल उद्योगको रुपमा स्थापित गराउन सफल भएको छ । यस कम्पनीले गुणस्तरलाई प्राथमिकता दिई उत्पादन गर्ने हुनाले समेत यस कम्पनीबाट उत्पादित सिमेन्टले वजारमा आफूलाई स्थापित गराउन सम्भव भएको हो । त्यसैगरी कम्पनीले विभिन्न बैंकहरुबाट लिएको दीर्घकालिन दायित्वका ऋणमध्ये २०७८ चैत्र मसान्तसम्म झण्डै ८५ प्रतिशत भन्दा बढी ऋण चुक्ता गरिसकेको सन्दर्भमा भर्खरै स्थापना भएका एवं पहिले देखि नै सञ्चालनमा रहिरहेका सिमेन्ट इन्डष्ट्रिजहरुको तुलनामा कम्पनी आफ्नो व्यवसाय विस्तार एवं विविधिकरणका लागि हिजोका दिनभन्दा थप सबल र सक्षम भएर आएको छ ।

नेपाली बजारमा स्वदेशी उद्योगहरुबाट उत्पादित सिमेन्ट उपलब्ध भएता पनि भारत लगायतका देशहरुबाट सिमेन्ट तथा क्लिंकर आयात भईरहेको अवस्था विद्यमान नै छ । विदेशबाट आयातित सिमेन्टको परिमाणलाई प्रतिस्थापन गर्न सके उक्त बजार हिस्सा स्वतः नेपाली उद्योगहरुले प्राप्त गर्नेछन् ।

ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । जस अनुसार सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालकहरू | ५ जना |
| सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक | १ जना |
| स्वतन्त्र व्यवसायिक सञ्चालक | १ जना |
| जम्मा | ७ जना |

**नोट:** कम्पनीको सार्वजनिक (बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरु, स्थानिय बासिन्दा तथा सर्वसाधारणमा) धितोपत्र निष्काशन भई बाँडफाँट भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ। हाललाई स्वतन्त्र व्यवसायिक सञ्चालकको पद रिक्त रहेको।

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर नेपाल सरकार वा कम्पनीको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र व्यवसायिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन भन्ने उल्लेख भएको छ।

## ग.४. पुँजी संरचना सम्वन्धी जानकारी :

(क) अधिकृत, जारी तथा चुक्ता पुंजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :

अधिकृत पुंजी : कम्पनीको अधिकृत पूँजी रु.५,००,००,००,०००/–(अक्षरेपी पाँच अर्व रुपैया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/–का दरले ५,००,००,००० (पाँच करोड) थान शेयरमा बिभाजन गरिएको छ।

जारी पुंजी : कम्पनीको जारी पूँजी रु.४,६५,००,००,०००/–(अक्षरेपी चार अर्व पैंसट्ठी करोड रुपैया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/– का दरले ४,६५,००,००० (चार करोड पैंसाट्ठी लाख) थान शेयरमा बिभाजन गरिएको छ।

चुक्ता पुंजी : कम्पनीको चुक्ता पूँजी रु. ४,०५,००,००,०००/–(अक्षरेपी चार अर्व पाँच करोड रुपैंया) रहेको छ। उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००/–का दरले ४,०५,००,००० ( चार करोड पाँच लाख) थान शेयरमा बिभाजन गरिएको छ। योग्य संस्थागत लगानीकर्ता, सर्वसाधारण र उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुका लागि छुट्टाइएको रु.६०,००,००,०००/– (साठी करोड) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/– का दरको ६०,००,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.४,६५,००,००,०००/–(अक्षरेपी चार अर्व पैंसाट्ठी करोड) हुनेछ।

संस्थाको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्वन्धी विवरण :

| आ.व. | अधिकृत पूंजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| २०७७।०७८ | ५,००,००,००,०००.०० | ४,६५,००,००,०००.०० | ४,०५,००,००,०००.०० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०३/३० को पत्रानुसार। |
| २०७६।०७७ | ४,००,००,००,०००.०० | ४,००,००,००,०००.०० | ३,४०,००,००,०००.०० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१०/०६ को पत्रानुसार। |
| २०७५।०७६ | ४,००,००,००,०००.०० | २,२५,००,००,०००.०० | २,२५,००,००,०००.०० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०४/२२ को पत्रानुसार। |
| २०७४।०७५ | ४,००,००,००,०००.०० | १,९८,००,००,०००.०० | १,९८००,००,०००.०० | कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/०८/०६ को पत्रानुसार। |

(ख) निष्काशन पछिका चुक्ता पुंजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) : कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पुजीको संरचना देहाय बमोजिम रहेकोछ :

| क्र. सं. | शेयरधनीहरु | साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ४,०५,००,००० | ४,०५,००,०००००.०० | ८७.०९% | शतप्रतिशत |
| २. | सर्वसाधारण समूह (कर्मचारीहरु सहित) | २६,७०,००० | २६,७०,००,०००.०० | ५.७५% | सार्वजनिक निष्काशन पश्चात |
| ३. | योग्य संस्थागत लगानीकर्ता | २४,००,००० | २४,००,००,०००.०० | ५.१६% | बुक विल्डिङ्ग विधि मार्फत निष्काशन पश्चात |
| ४ | स्थानीय बासिन्दाहरु (उद्योग प्रभावित क्षेत्र) | ९,३०,००० | ९,३०,०००००.०० | २% | सार्वजनिक निष्काशन पश्चात |
| | जम्मा | ४,६५,००,००० | ४,६५,००,०००००.०० | १०० | |

(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : शेयर प्रिमियम खाताको व्यवस्था देहाय बमोजिम रहेको :–

यस कम्पनीको शेयर प्रिमियम खाता सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

शेयर प्रिमियम खाता (निष्काशन पूर्व) : –

शेयर प्रिमियम खाता (निष्काशन पश्चात्) : रु.( X२४,००,०००+......X३६,००,०००) *(प्रति कित्ता अंकित मूल्य रु.१००/– दरको शेयर योग्य संस्थागत लगानीकर्तालाई प्रति शेयर मूल्य रु...... तथा सर्वसाधारणलाई रु...... को दरमा बिक्री हुने अनुमान गरिएको।)*

कूल : ..........................

यस प्रारम्भिक विवरणपत्रमा कम्पनीले मूल्याङ्कनको आधार र औचित्य सहित धितोपत्रको अनुमानित मूल्य प्रस्ताव गरेको तथा योग्य संस्थागत लगानीकर्ताले यस प्रारम्भिक विवरणपत्र अध्ययन पश्चात पेश गरेको निजले चाहेको न्यूनतम खरीद संख्या, आशय मूल्य र सो को मूल्याङ्कन विधि सहित प्रारम्भिक विवरणपत्रमा सुझाव भएमा सो समेत माग गरिएकोले याग्य संस्थागत लगानीकर्ताबाट प्राप्त हुने आशय मूल्य पश्चात धितोपत्रको मूल्य सीमा निर्धारण हुने तथा सो निर्धारित मूल्य सीमा भित्र रही पून: बोलकबोल गर्ने व्यवस्था रहेकोले शेयर प्रिमियमको रकम यकिन नगरिएको।



SARBOTTAM CEMENT LTD. 2019

ग.५.संस्थापक/सम्बन्धी जानकारी :

ग.५.क.संस्थापक/सञ्चालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव : आधारभूत शेयरधनीको विवरण :

| सि. नं. | नाम र ठेगाना | पद | उमेर | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री विष्णु प्रसाद न्यौपाने | अध्यक्ष | ५८ | नेपाली | ११,७३४,२७९ | सिभिल इन्जिनियर (बि.ई.) | –जगदम्बा सिमेन्ट ई. प्रा. लि. को पूर्व अध्यक्ष<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. पूर्व अध्यक्ष | –तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि. को पूर्व सञ्चालक<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. पूर्व अध्यक्ष<br>–विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको कार्यानुभव ।<br>–जगदम्बा स्पिनिङ्ग मिल्स प्रा. लि. को वर्तमान अध्यक्ष<br>–सौरभ चिया उद्योग प्रा. लि.को वर्तमान अध्यक्ष<br>–सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर । |
| २ | श्री मिना कुमारी अग्रवाल | शेयरधनी | ५१ | नेपाली | ९२,०४,२२० | प्रमाण पत्र तह | –सर्वोत्तम् सिमेन्ट लि. को पूर्व सञ्चालक | –इन्टिग्रिटी मोबिलिटी सोलुसन प्रा.लि. को सञ्चालक<br>–आइएमएस एग्रो प्रा. लि.को सञ्चालक<br>–आइएमएस डेभलपर प्रा. लि.को सञ्चालक<br>–आइएमएस वर्ल्ड प्रा. लि.को सञ्चालक<br>–हेरिटेज इन्टरनेशनल प्रा. लि.को सञ्चालक<br>–सलोनी ट्रेड कन्सर्न प्रा. लि.को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा २० वर्षभन्दा बढीको कार्यानुभव एव. विभिन्न उद्योग, व्यापार, व्यवसाय समेतको अनुभव |
| ३ | श्री दुर्गा प्रसाद न्यौपाने | शेयरधनी | ६१ | नेपाली | ३९,०३,४८५ | प्रमाण पत्र तह | –जगदम्बा सिमेन्ट ई.प्रा. को पूर्व सञ्चालक<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.का पूर्व सञ्चालक<br>–सर्वोत्तम सिमेन्ट लि. को पूर्व सञ्चालक | –जगदम्बा सेन्थेटिक्स प्रा. लि.का वर्तमान अध्यक्ष<br>–डि पि एन इन्टरप्राइजेजको प्रोपाइटर<br>–विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव<br>–सिद्धेश्वर मिनरल्स प्रा.लि.का वर्तमान अध्यक्ष |
| ४ | श्री टिकाराम न्यौपाने | सञ्चालक | ५५ | नेपाली | ३९,०३,४८५ | एस.एल.सी. | –जगदम्बा सिमेन्ट ई.प्रा. लि.मा हाल अध्यक्ष<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.मा हाल अध्यक्ष | –लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष<br>–विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव<br>–सर्वोत्तम मिनरल्स प्रा.लि. का वर्तमान अध्यक्ष |
| ५ | श्री तेन्जिङ्ग लाक्देन तामाङ्ग | सञ्चालक | ४५ | नेपाली | २७,०८,१४० | एम.बि.ए. | –सर्वोत्तम सिमेन्ट लि. को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्यानुभव । | –नेटिभ होटेल प्रा. लि.को सञ्चालक |
| ६ | श्री नेहा अग्रवाल | शेयरधनी | ३१ | नेपाली | २७,३७,९१९ | एम.बि.ए | – | –एभरेष्ट फमास्युटिकल प्रा.लि. को पूर्व अध्यक्ष<br>–एभरेष्ट प्यारेन्टरल्स प्रा. लि. को पूर्व अध्यक्ष<br>–विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रहस सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव<br>–लक्ष्मी स्टिल्स प्रा.लि. मा हाल सञ्चालक |
| ७ | श्री कुन्ती देवी न्यौपाने | शेयरधनी | ७९ | नेपाली | १९,६८,४१९ | साधारण लेखपढ | – | –सौरभ ग्रुपमा स्थापनाकालदेखि हालसम्म करिब दुई दशक संरक्षकको रुपमा आवद्ध रहनुभएको |



SARBOTTAM CEMENT LTD. 2019

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | श्री शिखा अग्रवाल | शेयरधनी | २९ | नेपाली | २७,६१,७४२ | एम.बि.ए. | – | –लाइफ स्टाइल कन्सर्न प्रा. लि. को सञ्चालक<br>–जिन भवानी इन्टरप्राइजेजको प्रोप्राइटरको रुपमा आवद्ध रही व्यापार क्षेत्रमा ५ वर्षभन्दा बढीको कार्यानुभव । |

सञ्चालकहरुको विवरण

| सि. नं. | नाँम र ठेगाना | पद | उमेर | राष्ट्रियता | शैक्षिक योग्यता | शेयर स्वामित्व | प्रस्तावित ब्यापार/व्यवसाय | अन्य कार्य अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री बिष्णु प्रसाद न्यौपाने | अध्यक्ष | ५८ | नेपाली | सिभिल इन्जिनियर (बि.ई.) | ११,७३४,२७९ | –जगदम्बा सिमेन्ट ई. प्रा. लि. को पूर्व अध्यक्ष<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. पूर्व अध्यक्ष | –तत्कालिन कमर्ज एण्ड ट्रष्ट बैंक लि. को पूर्व सञ्चालक<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि. पूर्व अध्यक्ष<br>–विगत दुई दशकदेखि सौरभ ग्रुप अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको कार्यानुभव ।<br>–जगदम्बा स्पिनिङ्ग मिल्स प्रा. लि. को वर्तमान अध्यक्ष<br>–सौरभ चिया उद्योग प्रा. लि.को वर्तमान अध्यक्ष<br>–सौरभ फोटो इन्टरनेसनलको प्रोपाइटर । |
| २. | श्री बिमल कुमार सावरथिया प्रतिनिधित्व : कृष्ण ईन्टरनेशल प्रा. लि.को तर्फबाट) | सञ्चालक | लागु नहुने । | | | ५९,५५९ | –सर्वोत्तम् सिमेन्ट लि. को पूर्व प्रतिनिधि सञ्चालक समेत रहनु भएको । | कृष्ण ईन्टरनेशल प्रा. लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता. नं. ८२८४३/०६७/०६८, मिति २०६८ बैशाख १९ गते दर्ता भएको कम्पनी हो । यस कम्पनीको मुख्य उद्देश्य स्वदेश तथा विदेशमा उत्पादित कम्प्युटर, इलेक्ट्रोनिकल लगायतका सामानहरुको होलसेल तथा रिटेल व्यापार गर्ने रहेको छ । |
| ३. | श्री टिकाराम न्यौपाने | सञ्चालक | ५५ | नेपाली | प्रवेशिका | ३९,०३,४८५ | –जगदम्बा सिमेन्ट ई.प्रा. लि.मा हाल अध्यक्ष<br>–शुभ श्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि.मा हाल अध्यक्ष | –लक्ष्मी स्टिल्स प्रा.लि.मा हाल अध्यक्ष<br>–विगत दुई दशकदेखि सौरभ ग्रुपको अन्तर्गतका विभिन्न उद्योग, व्यापार व्यवसायहरुमा आवद्ध रही सञ्चालक तथा व्यवस्थापकिय कार्यको अनुभव<br>–सर्वोत्तम मिनरल्स प्रा.लि. का वर्तमान अध्यक्ष |
| ४. | श्री दिबस न्यौपाने | सञ्चालक | ३० | नेपाली | स्नातक (कमर्श) | ५,९५६ | –सर्वोत्तम सिमेन्ट लि. को सञ्चालक | –सर्वोत्तम सिमेन्ट लि. मा सन् २०१० देखि समग्र रुपमा उद्योगको सुपरिवेक्षकको रुपमा कार्यरत |
| ५. | श्री तेन्जिङ्ग लाक्देन तामाङ्ग | सञ्चालक | ४५ | नेपाली | एमबिए | २७,०८,१४० | –सर्वोत्तम सिमेन्ट लि. को सञ्चालकको रुपमा आवद्ध रही विभिन्न उद्योग व्यापार क्षेत्रमा १० वर्षभन्दा बढीको कार्यानुभव । | –नेटिभ होटेल प्रा. लि.को सञ्चालक |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| क्र.सं.. | शेयरधनीको नाम, ठेगाना | कम्पनीको संक्षिप्त परिचय | सञ्चालकको नाम |
|---|---|---|---|
| १. | कृष्ण ईन्टरनेशल प्रा. लि.<br>का.म.न.पा. वडा नं. २८, कमलादी, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८ बैशाख १९ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ । यस कम्पनीले विविध विद्युतिय सामानहरुको कारोवार गर्नुको साथै मर्मत सम्बन्धी विविध सेवा सञ्चालन गर्दै आएको छ । | मिना कुमारी अग्रवाल -अध्यक्ष, डिल्लीबजार २९, काठमाडौं । |
| २. | एस.जि. होल्डीङ्ग प्रा. लि.<br>का.म.न.पा. वडा नं. ११, थापाथली, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ पौष ५ गते दर्ता भई सोही मितिदेखि नै कोष व्यवस्थापन, वित्तीय बजार प्रशासन, वित्तीय सेवा गतिविधिका साथै अन्य क्रियाकलापहरु गरी वित्तीय क्षेत्रमा योगदान पुर्याउँदै आएको छ । | मेघा अग्रवाल हरलालका-अध्यक्ष, वीरगञ्ज ७ पर्सा |
| ३. | शर्मा एण्ड कम्पनी प्रा. लि.<br>नागार्जुन न.पा. वडा नं. ४, सितापाइला, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, उद्योग वाणिज्य मन्त्रालयमा मिति २०३७ भाद्र ३ गते दर्ता भएको नेपालको एक प्रतिष्ठित निर्माण कम्पनी हो । आर.के शर्मा द्वारा सन् १९२३ मा एकल स्वामित्वमा एस. एण्ड सि. को रुपमा सस्थापना भई वि.सं. २०३७ सालमा नीजि कम्पनीको रुपमा परिवर्तन भएको हो । शुरुवाती समय देखिनै कम्पनी एक प्रमुख भरपर्दो निर्माण कम्पनीको रुपमा विस्तार भइ यस कम्पनीले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कम्पनीलाई निर्माण सम्बन्धी परामर्श सेवा पुर्याउदै आएको छ । | राधाकृष्ण शर्मा-अध्यक्ष, ताहाचल १३, काठमाण्डौं ।<br>रेवती देवी शर्मा - सदस्य, ताहाचल १३, काठमाण्डौं ।<br>रमेश शर्मा - सदस्य, ताहाचल १३, काठमाण्डौं । |

SARBOTTAM CEMENT LTD. 2019

| | | | |
|---|---|---|---|
| ४. | रसुवा कन्स्ट्रक्शन कम्पनी प्रा. लि.<br>टोखा न.पा. वडा नं. ८, धापासी, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५४ बैशाख १६ गते दर्ता भई सोही मितिदेखि ठेक्कापट्टा सम्बन्धी कार्य गर्दै आएको छ । यो कम्पनी नेपालमा तीन दशकदेखि निर्माण क्षेत्रमा अनुभव बटुलेको प्रख्यात एवम् प्रतिष्ठित "क" वर्गको कन्स्ट्रक्सन कम्पनी हो ।<br>यस कम्पनीको विशेष कार्य क्षेत्रहरु सडक निर्माण, भवन निर्माण, हाइड्रोपावर निमार्ण ईत्यादि हो । राष्ट्रको भौतिक संरचना निमार्णमा यस कम्पनीले योगदान पुऱ्याउँदै आएको छ । | राजेन्द्रराज आचार्य -अध्यक्ष, काठमाण्डौ<br>मोहन आचार्य -उपाध्यक्ष, काठमाण्डौं । |
| ५. | हाथवे इन्भेष्टमेन्ट नेपाल लि.<br>लैनचौर, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५ चैत १४ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ। नेपालका ख्यातीप्राप्त युवा व्यवसायी, उद्यमी, चार्टर्ड एकाउन्टेन्ट, अन्य प्रोफेसनल लगायतका प्रवुद्ध व्यक्तिहरुको समुहद्वारा संस्थापित र सञ्चालित यस कम्पनीले नेपालको पूँजी बजार र लगानीका अन्य क्षेत्रहरुमा लगानी गरी आफुलाई एक सफल कम्पनीको रुपमा उभ्याउन सफल भएको छ । यस कम्पनीले पुँजी बजारको अतिरिक्त जलविद्युत, रियल इस्टेट, आर्थिक पर्यटन र स्वःपूँजीको क्षेत्रमा आफ्नो लगानीलाई विस्तार र विविधिकरण गरी मुलुकको आर्थिक विकासमा योगदान पुर्याउँदै आएको छ । | हेम राज ढकाल - अध्यक्ष, चण्डोल ४, काठमाण्डौं ।<br>अम्बिका प्रसाद पौडेल - सञ्चालक, धापासी ५, काठमाण्डौं ।<br>उत्तम नेपाल - सञ्चालक, कल्लेरी ३, धादिङ्ग ।<br>सुरज कुमार श्रेष्ठ - सञ्चालक, कुमारीपाटी, ललितपुर ।<br>कमल प्रसाद अर्याल - सञ्चालक, न्युमपोखरी, स्याङ्गजा । |
| ६. | लाईफस्टाइल कन्सर्न प्रा. लि.<br>वडा नं. ५, गोकर्णेश्वर, काठमाण्डौं । | यस कम्पनी नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७ कार्तिक २ गते दर्ता भई सोही मितिदेखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ । यस कम्पनीले घरायसी प्रयोजनका सामान तथा उपकरणहरुको थोक आयात, निर्यात सम्बन्धी कारोवार गर्दै थोक बिक्री कार्य गर्दै आइरहेको छ । | शिखा अग्रवाल- अध्यक्ष, कलैया, ५ बारा । |

**(ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | सञ्चालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री बिष्णु प्रसाद न्यौपाने, काठमाण्डौं महानगरपालिका, वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौ । | • जगदम्बा स्पिनिङ्ग मिल्स प्रा.लि., तिनकुने, काठमाण्डौं ।<br>• सर्वोत्तम स्टिल्स प्रा.लि., तीनकुने, काठमाण्डौं ।<br>• सर्वोत्तम सिमेन्ट लि., तीनकुने, काठमाण्डौं ।<br>• जगदम्बा टि प्रोसेसिङ्ग प्रा.लि., झापा, नेपाल ।<br>• सौरभ चिया उद्योग प्रा. लि., झापा, नेपाल ।<br>• सौरभ फोटो इन्टरनेसनल, तीनकुने, काठमाण्डौं । |
| २ | श्री टिकाराम न्यौपाने, ललितपुर महानगरपालिका, वडा नं.२, सानेपा, ललितपुर । | • याक निर्माण सेवा प्रोपाईटर, काठमाण्डौं ।<br>• सर्वोत्तम मिनरल्स प्रा. लि., तीनकुने, काठमाण्डौं ।<br>• लक्ष्मी स्टील प्रा. लि., काठमाण्डौं ।<br>• जगदम्बा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि., काठमाण्डौं ।<br>• शुभश्री जगदम्बा सिमेन्ट मिल्स प्रा. लि., तीनकुने, काठमाण्डौं । |
| ३ | श्री तेन्जिङ्ग लाक्देन तामाङ्ग, काठमाण्डौं महानगरपालिका, वडा नं.१७, स्वयम्भु, काठमाण्डौं । | • नेटिव होटेल प्रा. लि., इकापोखरी, काठमाण्डौं १७ । |

कम्पनीको सञ्चालक त्यस्तै खालको अन्य कम्पनीको सञ्चालक नभएको तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) को पालना गरिएको छ ।

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको शेयर खरिद वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सञ्चालक समितिको स्वीकृति लिनु पर्नेछ । सञ्चालक समितिको पूर्व स्वीकृति बिना गरिएको शेयर खरिद वा हस्तान्तरण मान्य हुनेछैन ।

(ख) सर्वसाधारण शेयरधनी समूह बाहेक संस्थापक समूहका शेयरधनीहरुले लिएको शेयर कम्पनीले सार्वजनिक निष्कासन गरी शेयर बाँडफाँट भएको मितिले ३ (तीन( वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।



SARBOTTAM CEMENT LTD. 2019

**ग.५.ख.संस्थापक/सञ्चालक सँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

कम्पनीले तल दिएको निम्न बमोजिम सम्बन्धित संस्थाहरुसँग कारोवार गरको छ।

| कम्पनी | सम्बन्ध | कारोवार आ.व. २०७७/७८ (रु.) | वस्तु वा सुविधा |
|---|---|---|---|
| सर्वोत्तम मिनरल्स प्रा. लि. | यस कम्पनीका शेयरधनी श्री टिकाराम न्यौपाने सो कम्पनीको अध्यक्ष रहेको र उक्त कम्पनीमा ७५.२४ प्रतिशत शेयर स्वामित्व रहेको । | १४,५६,०४,३२७।३६ | चुनढुंगा उत्खनन् तथा ढुवानी कार्य |
| | | ४५,५३०।९७ | सिमेण्ट बिक्री |
| सिद्धेश्वर मिनरल्स प्रा. लि. | यस कम्पनीको शतप्रतिशत शेयर स्वामित्व रहेको सहायक कम्पनी । | ५,७७,१९,५२०।८९ | चुनढुंगा उत्खनन् तथा ढुवानी कार्य |
| | | ३३,३८,६००।०० | उत्खनन् मेशिनरी भाडा वापत |
| जगदम्बा स्पीनिङ्ग मिल्स प्रा.लि. | यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने सञ्चालक रहेका र दुर्गा प्रसाद न्यौपाने शेयरधनी र उक्त कम्पनीमा क्रमश २० र ५० प्रतिशत शेयर रहेको । | २४,३४,९२४।८० | सिमेन्ट तथा चुनढुंगा डष्ट बिक्री |
| जगदम्बा सिन्थेटिक्स प्रा.लि. | यस कम्पनीका शेयरधनी श्री दुर्गा प्रसाद न्यौपाने सो कम्पनीको अध्यक्ष रहेको र उक्त कम्पनीमा ५५.८६ प्रतिशत शेयर रहेको । | १८,२१,८०,७९५।६५ | सिमेण्ट प्याकिङ्ग ब्याग खरीद |
| जगदम्बा सिमेन्ट इण्डिष्ट्रिज प्रा.लि. | यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने, दुर्गा प्रसाद न्यौपाने शेयरधनी रहेको र टिकाराम न्यौपाने सो कम्पनीको अध्यक्ष/सञ्चालक रहेको तथा उक्त कम्पनीमा क्रमशः ५, १८.५ र १८.५० प्रतिशत शेयर रहेको । | २,२२,३८२।३० | फ्लाई एश डष्ट खरीद |
| | | १,०६,३९,१२,३७२।९० | क्लिंकर बिक्री |
| शुभश्री जगदम्बा सिमेन्ट मिल्स प्रा.लि. | यस कम्पनीका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने, दुर्गा प्रसाद न्यौपाने शेयरधनी रहेको र टिकाराम न्यौपाने सो कम्पनीको अध्यक्ष/सञ्चालक रहेको र उक्त कम्पनीमा क्रमश १, १८.५ र १८.५० प्रतिशत शेयर रहेको छ । | ५,८७,९७०,४११.६५ | क्लिंकर बिक्री |
| लक्ष्मी स्टिल्स प्रा.लि | यस कम्पनीका शेयरधनी टिकाराम न्यौपाने र नेहा अग्रवाल सो कम्पनीको सञ्चालक रहेको र मिना कुमारी अग्रवाल शेयरधनी रहेको उक्त कम्पनीमा क्रमश ४०, ११ र २४ प्रतिशत शेयर रहेको छ । | ३८,४६४,११३.६१ | टिएमटी छड खरिद |
| | | ११,५१३,६७१.१० | स्क्रयाप बिक्री |
| सौरभ फोटो इन्टरनेशनल | यस फर्मका शेयरधनी श्री बिष्णु प्रसाद न्यौपाने सो फर्मको पूर्ण स्वामित्वको प्रोप्राईटर रहेको र उक्त कम्पनीमा १०० प्रतिशत शेयर रहेको छ । | ४,६०,७६५.०० | बिक्री स्किमको लागि सामान खरिद |
| न्यौपाने टावर (विष्णु प्रसाद न्यौपाने ) | यस कम्पनिका अध्यक्ष | २,७३२,४००.०० | रजिष्ट्रर कार्यालय को भवन भाडा |

(ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : अन्य प्रतिस्पर्धी कम्पनी वा सेवा प्रवाह गर्ने संस्थाहरु समेतबाट लिइएको दरभाउ पत्र अनुसार बजार मुल्यभन्दा बढि नहुने गरी गुणस्तरीय बस्तुको खरिद तथा सेवा लिएको छ । साथै बिक्री गर्दा बजार मूल्यभन्दा घटी नहुने गरी मूल्य निर्धारण गरिने छ ।

ग.६. सीमित दायित्व सम्बन्धी विवरण : यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :

ग.७.क.संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

(क) संगठित संस्थाको उच्च व्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा कम्पनीको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत कम्पनीको आधारभूत शेयरधनी भए वा अन्य कुनै कम्पनीमा लगानी गरेको भए उक्त कम्पनीको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या | अन्य कुनै संगठित संस्थामा गरेको लगानी | सूचीकृत संगठित संस्थामा आधारभुत शेयरधनी |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सन्तोष के.सी. | प्रमुख कार्यकारी अधिकृत | चाटर्ड एकाउन्टेण्ट तथा एल.एल.बि. | २०७९/०२/२६ | –ज्योती विकास बैंक लि.मा लेखा तथा वित्त शाखाको इन्चार्ज भई १ बर्ष पाँच महिनाको कार्यानुभव<br>–पञ्चकन्या ग्रुपमा वित्त | नभएको | छैन | छैन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापक तथा कम्पनी सचिव भई २ बर्षको कार्यानुभव ।<br>–सौरभ ग्रुप अर्न्तगत सर्वोत्तम सिमेन्ट लि. मा लेखा तथा वित्त प्रमुख भई ५ बर्ष पाँच महिनाको कार्यानुभव सहित जम्मा ८.५ बर्षको कार्यानुभव | | | |
| २. | श्री सन्जय गौतम | वरिष्ठ वित्त व्यवस्थापक प्रमुख | चाटर्ड एकाउन्टेण्ट तथा एम.बि.एस. | २०७४/०४/०८ | –Credit Suisse Ltd,India मा Senior Financial Analyst भई २.५ वर्षको कार्याअनुभव<br>– HSBC Bank and Rosebay Consulting,India मा सहायक म्यानेजर भई १ वर्षको कार्यानुभव ।<br>–सौरभ ग्रुप अर्न्तगत सर्वोत्तम सिमेन्ट लि. मा वरिष्ठ वित्त व्यवस्थापक भई ४ बर्षको कार्यानुभव सहित जम्मा ७ वर्षको अनुभव । | नभएको | छैन | छैन |
| ३. | श्री तुलसी राम रेग्मी | प्रमुख मानव संशाधन व्यवस्थापक | मानव संशाधन व्यवस्थापनमा स्नातकोत्तर | २०७८/०२/१५ | –रुपारेलिया ग्रुप युगान्डामा मानव संशाधन व्यवस्थापक रही ११ बर्षको कार्यानुभव ।<br>–सि.जि. फुड्स नेपाल प्रा.लि. मा मानव संशाधन व्यवस्थापक भई ४.५ बर्षको अनुभव ।<br>–सौरभ ग्रुप अर्न्तगत सर्वोत्तम सिमेन्ट लि. मा प्रमुख मानव संशाधन व्यवस्थापक भई १ वर्षको कार्यानुभव सहित जम्मा १६.५ वर्षको अनुभव । | नभएको | छैन | छैन |
| ४. | श्री सौरभ सिंह | प्रोजेक्ट हेड | बि.ई. ईलेक्ट्रिकल तथा एम.बि. ए. फाइनान्स | २०७३/०४/०५ | –कोलगेट पाल्मोलाइभमा प्लान्ट ईन्जिनियर भई ४ बर्ष नौ महिनाको कार्यानुभव<br>–जय प्रकास एसोसिएट्स लिमिटेडमा (भारत) ९ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. मा प्रोजेक्ट प्रमुखको रुपमा ७ बर्षको कार्यानुभव गरी जम्मा २० बर्षको कार्यानुभव । | नभएको | छैन | छैन |
| ५. | श्री गुरुदयाल सिंह | प्रमुख क्वालिटी कन्ट्रोल तथा प्रोसेस | बि.एस्सी. केमेस्ट्री तथा एम.ए. इकोनोमिक्स | २०७१/०४/१६ | –मारुती सिमेन्टमा केमिस्ट भई ४ बर्षको कार्यानुभव<br>–शिवम् सिमेन्ट लि. मा वरिष्ठ केमिष्ट भई ४ बर्षको कार्यानुभव,<br>–सि.जी. सिमेन्ट प्रा.लि.मा प्रोसेस क्वालिटि प्रमुख भई १ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. मा प्रमुख क्वालिटी कन्ट्रोल तथा प्रोसेस भई ८ बर्षको कार्यानुभव गरी जम्मा १७ बर्षको कार्यानुभव । | नभएको | छैन | छैन |

SARBOTTAM CEMENT LTD. 2019

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | श्री सुभाष कुमार पाण्डे | जि.एम. सेल्स | एम.वि.एस. | २०७५/०७/१४ | –सिप्रदी ट्रेडिङ्ग प्रा.लि.मा सेल्स अफिसर ४ बर्ष<br>–हुलास बिस्कुट एण्ड कनफेक्सनरीमा एरिया सेल्स म्यानेजर १ वर्ष<br>–बर्जर जोम्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि. मा एरिया सेल्स म्यानेजर ६ बर्ष<br>–शुभम् ग्रुप मा सेल्स म्यानेजरमा ६ बर्ष<br>–सर्वोत्तम सिमेन्ट लि. मा महाप्रबन्धक-बिक्री भई २ बर्ष गरी जम्मा १९ बर्ष | नभएको | छैन | छैन |
| ७. | श्री गोपाल कुमार सारदा | ब्राण्ड तथा प्रमोशन प्रमुख | एम.वि.ए. | २०७३/०६/०६ | –मारुती सिमेन्ट लि.मा, असिस्टेन्ट मार्केटिङ्ग म्यानेजर भई ६ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि मा ब्राण्ड तथा प्रमोशन प्रमुख भई ६ बर्ष गरी जम्मा १२ बर्षको कार्यानुभव। | नभएको | छैन | छैन |
| ८. | श्री अभिषेक झा | प्रोजेक्ट सेल्स प्रमुख | एम.ई. कस्ट्रक्सन | २०७३/०१/०६ | –डिपार्टमेन्ट अफ अवान डेभलपमन्ट एण्ड बिल्डिङ्ग कस्ट्रक्सन नेपालमा सिभिल ईन्जिनियरको रुपमा १ बर्ष पाँच महिनाको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. मा प्रोजेक्ट सेल्स प्रमुखको रुपमा ५ बर्षको कार्यानुभव सहित जम्मा ७ बर्षको कार्यानुभव । | नभएको | छैन | छैन |
| ९. | श्री नवराज पौडेल | कम्पनी सचिव | एम.ए., एल.एल.एम. | २०७४/०१/०६ | –प्रिमियर फाईनान्स लि. मा कम्पनी सचिव भएर ८ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि.मा ५ बर्ष पाँच महिनाको कार्यानुभव गरी जम्मा १३ बर्ष पाँच महिनाको कार्यानुभव । | नभएको | छैन | छैन |
| १०. | श्री अशोक कुमार ठाकुर | बरिष्ठ प्रबन्धक - खानी शाखा | बि.टेक. मेकानिकल | २०७१/०९/०१ | –एमएडब्लु इन्टरप्राइजेजमा सर्भिस इन्जिनियर तथा व्यवस्थापक भई ९ बर्षको कार्यानुभव<br>–एन.ए.सी. भरतपुरमा महाप्रबन्धक भई ४ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. मा खानी शाखा प्रमुख भई ८ बर्षको कार्यानुभव गरी जम्मा २१ बर्षको कार्यानुभव । | नभएको | छैन | छैन |
| ११. | श्री सुरेन्द्र महासेठ | इलेक्ट्रिकल्स एण्ड इस्ट्रुमेन्टेसन प्रमुख | ए.एम.आई.ई. (इलेक्ट्रिकल) | २०७१/०४/१४ | –कन्सुल कन्सोलिडेटेड प्रा.लि., भारतमा सर्भिस इन्जिनियर भई २ बर्षको कार्यानुभव<br>–डि.डि.सी. आर.इ.डि.एस, बाजुरा नेपालमा सोलार इनर्जी एक्सपर्ट भई १ बर्षको कार्यानुभव, इन्भारोटेक प्रा.लि.<br>–नेपालमा सेल्स एण्ड सर्भिस इन्जिनियर भई २ बर्षको कार्यानुभव, त्रिपुरेश्वर कन्डक्टर उद्योग प्रा.लि., नेपालमा प्रोजेक्ट मेनेजर भई ५ बर्ष पाँच महिनाको कार्यानुभव<br>–शिवम् सिमेन्ट लि.मा इलेक्ट्रिकल | नभएको | छैन | छैन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मेनेजर (प्रमुख इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन) भई १ बर्ष आठ महिनाको कार्यानुभव<br>–सि.जी. सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. मा इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख भई १ बर्ष आठ महिनाको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. मा इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख भई ७ बर्ष पाँच महिनाको कार्यानुभवका साथ जम्मा लगभग २१ बर्षको कार्यानुभव । | | | |
| १२. | श्री नेत्र प्रसाद घिमिरे | प्रशासन प्रमुख-फ्याक्ट्री | बि.बि.एस. | | –ह्यारी कलेक्सनमा स्टोर किपर भई ३ बर्षको कार्यानुभव<br>–फेमिली फुड सेन्टर डब्लु एल एल, दोहा,कतारमा स्टोर किपर तथा प्रशासन अफिसर भई ६ बर्षको कार्यानुभव<br>–सर्वोत्तम सिमेन्ट लि. फ्याक्ट्रीमा प्रशासन प्रमुख भई ९ बर्षको सहित जम्मा १८ बर्षको कार्यानुभव | नभएको | छैन | छैन |

(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : यस कम्पनीमा मिति २०७६/०४/०१ देखि कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएका भरत बाबु दाहालले मिति २०७८/०४/०५ बाट अवकाश लिनु भएको र रिक्त प्रमुख कार्यकारी अधिकृतको पदमा मिति २०७९/०२/२६ गतेदेखि लागु हुने गरी श्री सन्तोष के.सी. लाई कम्पनीको सञ्चालक समितिको मिति २०७९ जेठ २६ गते बसेको ११७ औं बैठकले एक (१) वर्षको लागि नियुक्त गरेको छ ।

(ग) कर्मचारी संख्या : कम्पनीमा कार्यरत कर्मचारीहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| स्थायी | अस्थायी | ज्यालादारी | कुल कर्मचारी संख्या |
|---|---|---|---|
| ४२२ | १५७ | १० | ५८९ |

ग.७.ख.सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :

(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :

बैठक भत्ता, भ्रमण भत्ता तथा अन्य सुविधा वापत सञ्चालकहरुलाई आ.व. २०७७/०७८ मा प्रदान गरिएको पारिश्रमिकको विवरण निम्न बमोजिम रहेको छ ।

| सि.नं . | नाम, ठेगाना | पद | प्रदान गरिएको बार्षिक पारिश्रमिक (रु.) |
|---|---|---|---|
| १. | श्री बिष्णु प्रसाद न्यौपाने, काठमाण्डौं महानगरपालिका, वडा नं. ३० ज्ञानेश्वर, काठमाण्डौ । | अध्यक्ष | १,४९१,४३२.०० |
| २. | श्री बिमल कुमार सावरथिया (प्रतिनिधित्व : कृष्ण ईन्टरनेशल प्रा. लि.को तर्फबाट) | सञ्चालक | १,४९१,४३२.०० |
| ३. | श्री दिवश न्यौपाने, काठमाण्डौं महानगरपालिका, वडा नं १२ त्रिपुरेश्वर, काठमाण्डौं । | सञ्चालक | १,४९१,४३२.०० |
| ४. | श्री तेन्जिङ्ग लाक्देन तामाङ्ग, काठमाण्डौं महानगरपालिका, वडा नं.१७, स्वयंभु, काठमाण्डौ । | सञ्चालक | १,४७०,७२०.०० |

कम्पनीको नियमावलीको नियम ३२ मा सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था भए अनुसार मिति २०७५/०५/१२ गते सम्पन्न विशेष साधारण सभाबाट निर्णय भए बमोजिम अध्यक्ष र सञ्चालकहरुको पारिश्रमिक निर्धारण गरिएको ।

(ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :

| सि. नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्ष (आ.व.२०७७/०७८) को अवधिभित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) |
|---|---|---|---|
| १. | श्री भरत दाहाल* | प्रमुख कार्यकारी अधिकृत | ३६,२९,४३७।०० |
| २. | श्री सन्तोष के.सी. | लेखा तथा वित्त प्रमुख | १३,८९,७३५।०० |
| ३. | श्री तुलसी राम रेग्मी | मानव संसाधन तथा प्रशासन प्रमुख | १,३३,४९०।०० |
| ४. | श्री सौरभ सिंह | प्रोजेक्ट प्रमुख | २२,८८,१६८।०० |
| ५. | श्री गुरु दयाल सिंह | गुणस्तर नियन्त्रण प्रमुख | १३,१०,१३५।०० |



SARBOTTAM CEMENT LTD. 2019

| | | | |
|---|---|---|---|
| ६. | श्री सुभाष कुमार पाण्डे | जि.एम. सेल्स शाखा | ३५,५१,६२०।०० |
| ७. | श्री गोपाल सारदा | बजारशास्त्र व्यबस्थापक | ५,२८,०४६।०० |
| ८. | श्री अभिषेक झा | प्रोजेक्ट सेल्स शाखा प्रमुख | ९,३३,९४४।०० |
| ९. | श्री नवराज पौडेल | कम्पनी सचिव | ४,२४,५३४।०० |
| १०. | श्री असोक कुमार ठाकुर | वरिष्ठ प्रबन्धक (खानी शाखा) | १०,२०,४४६।०० |
| ११. | श्री सुरेन्द्र महासेठ | इलेक्ट्रिकल्स एण्ड इन्स्ट्रुमेन्टेसन प्रमुख | १३,४१,२३६।०० |
| १२. | श्री नेत्र प्रसाद घिमिरे | प्रशासन प्रमुख-फ्याक्ट्री | १२,२९,८८६।०० |
| १३. | श्री बिनोद कुमार चौधरी | प्रमुख मेकानिकल | ९,५८,९२१।०० |

**नोट* :** मिति २०७६/०४/०१ गतेदेखि कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहनु भएका भरत बाबु दाहालले मिति २०७८/०४/०५ बाट अवकाश लिनु भएको ।

(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

ग.८. अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई कम्पनीको आन्तरिक वा व्यवसाय/उद्योगसँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रणभन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने । संगठित संस्थाले वहन गर्ने जोखिमहरु देहाय बमोजिम रहेका छन् :–

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- उद्योग सञ्चालनमा आइसकेको साथै संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

- सिमेन्ट उद्योगको लागि चाहिने चुनढुङ्गा कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरु कोईला, आइरनओर, कच्चा फलाम, माटो, जिप्सम आदि पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकतानुसार मौज्दात राख्ने व्यवस्था मिलाएको ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

- हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको र बजारको स्थिति भविष्यमा परिवर्तन आएमा कम्पनीको उत्पादनको मागमा कमी आउन सक्ने जोखिम रहेकोले सो जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आफ्नो बिक्री सञ्जाललाई व्यापक रुपमा विस्तार गर्ने योजना लिएको छ ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि **(cost overrun)** को जोखिम :

- उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको ।

(ङ) विदेशी विनिमयको जोखिम :

- उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ कोइला दक्षिण अफ्रिका लगायतका देशहरुबाट अमेरिकी डलरमा आयात गरिने हुदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने र उक्त असरलाई न्यूनिकरण गर्न **Forward Contract** कार्यान्वयन गर्ने नीति लिइएको छ ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :

- हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण **(Globalization)** का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

- अन्तराष्ट्रिय बजारमा क्षेत्रीयकरण र विश्वव्यापिकरणका कारण उद्योगलाई आयात गर्नु पर्ने कच्चा प्रदार्थको मूल्यमा आउन सक्ने उतारचढावका कारण हुने जोखिम रहेको हुँदा सो लाई न्यूनिकरण गर्नका लागि समयमा नै कच्चा प्रदार्थहरु पर्याप्त मात्रामा मौज्दातमा राख्ने नीति कम्पनीको रहेको छ ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

- कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा तथा छिमेकी मुलुकहरुबाट उत्पादन हुने सिमेन्ट आयातमा कुनै नीतिगत परिवर्तन हुन गएको अवस्थामा जोखिम हुने देखिन्छ ।



SARBOTTAM CEMENT LTD. 2019

(फ) सञ्चालन इतिहासको अभाव :

- कम्पनी सन् २०१० मा स्थापना भई सिमेन्ट उत्पादन गर्दै आएका कम्पनीमा रहेका सञ्चालक र व्यवस्थापकहरुसँग उद्योग सञ्चालन सम्बन्धी दुई दशकभन्दा लामो अनुभव रहेकोले उक्त जोखिम नरहेको ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :

- कम्पनीले हाल प्रयोग गरिरहेको प्रविधिहरु युरोपियन स्ट्यान्डर्डको रहेको तर विश्वव्यापी रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्था रहेमा कम्पनी समय सापेक्ष प्रविधिको अवलम्बन गर्न सक्षम रहेको छ ।

(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :

- पुर्वाधार सम्बन्धी निर्माण सम्पन्न भैसकेकोले उक्त जोखिम नरहेको ।

(ठ) अन्य :

- दैबि प्रकोप, महामारी (कोरोना Covid-19) तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई चुनढुङ्गा उत्खनन्मा हुन सक्ने जोखिम ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पुंजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

अन्य जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्ने सम्बन्धमा यस कम्पनीले देहायका उपयाहरु अपनाइएको छ ।

१) कम्पनीले वितरकको नियुक्ती कानुन बमोजिमको करार सम्झौता गरी नियुक्त गर्ने गरिएको र वितरकहरुलाई उधारोमा सामान बिक्री गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राखी वाणिज्य बैंकहरुबाट कम्पनीको पक्षमा जारी हुने बैंक ग्यारेण्टी लिई बैंक ग्यारेण्टीको सीमाभित्र रही कारोवार गरि आएको हुँदा बिक्री गरेको र केहि ग्राहकहरुसँग उधारोमा विल जारी गर्नु पूर्व कम्पनीको नाममा खिचिएको चेक प्राप्त गरेपछि मात्र सामान लोड गरि पठाउने व्यवस्था मिलाइ बिक्री भएको सामानको रकम प्राप्त नहुने जोखिम न्यूनिकरण गरिएको ।

२) कम्पनीले परियोजना अनुरुप बैंकबाट कर्जा सुविधा उपयोग गरी कम्पनी सञ्चालनमा रहेको हुँदा बैंक कर्जा उपलब्ध हुन नसकेका कारण थप आर्थिक जोखिम नआउने व्यवस्था मिलाइएको । व्याजदर वृद्धिबाट हुन सक्ने थप आर्थिक जोखिमलाई कम्पनीले व्याज खर्च समेत उत्पादन लागतमा गणना गरी बस्तुको उत्पादन लागत निकाली मूनाफा समेत जोडी बिक्री मूल्य तय गरिने नीति अवलम्बन गरिएका कारणबाट थप जोखिम न्युनिकरण गरिएको । विदेशी विनिमयको दरमा हुने परिवर्तनबाट पर्न जाने प्रभाव यस प्रकृतिका सबै उद्योगमा रहने हुँदा कुनै परियोजना विशेषका लागि मात्रै नकारात्मक प्रभाव पर्ने देखिन्न । कम्पनीले जडान तथा प्रयोग गरेको प्रविधि अत्याधुनिक प्रविधियुक्त रहेकोले तत्काल प्रविधिको परिवर्तनबाट पर्न जाने जोखिम न्यून रहेको छ ।

३) सरकारको मुख्य नीति नै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना, विकास र विस्तार गरी देशमा आर्थिक विकास गर्ने भन्ने रहेको हुँदा उद्योग मैत्री वातावरण कायम गर्न प्रतिवद्ध रहेको छ ।

४) भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरण गर्न सम्पूर्ण सवारीका साधनहरु लगायत मेशिनरी पार्टपुर्जा, प्लान्ट उद्योग लगायत भवनहरु, कामदार, कर्मचारीहरुको बीमा गराएको छ । जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेको छ ।

| सि.नं | बीमा सम्बन्धी विवरण | बिमाङ्क रकम (रु.) | बीमा गरिएको कम्पनीका नाम | बीमाको वैधता(Validity) |
|---|---|---|---|---|
| १. | स्टक इन्स्योरेन्स | ३०,७०,००,०००.०० | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ०५ मार्च २०२२ – ०४ मार्च २०२३ |
| २. | उद्योग आगलागनी बीमा | ७,९९,२९,५८,१५१.४२ | सिद्धार्थ इन्स्योरेन्स लिमिटेड, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड र आइएमई जनरल इन्स्योरेन्स लि. | ०५ मार्च २०२२ – ०४ मार्च २०२३ |
| ३ | हेवि ईक्विपमेण्ट, ढुवानीका साधानहरुको बीमा | २०,२३,५२,०८८.२० | अजोड इन्स्योरेन्स लि., सिद्धार्थ इन्स्योरेन्स लि., आइएमई जनरल इन्स्योरेन्स लि. र नेपाल इन्स्योरेन्स क. लि. | बीमाको वैधता कायम रहेको र समयमा नै नविकरण गर्ने गरिएको। |
| ४ | मोटर, कार, जिप, भ्यान र मोटर साइकल बीमा | ३२,८५७,८४४.१२ | अजोड इन्स्योरेन्स लि., आइएमई जनरल इन्स्योरेन्स लि., सिद्धार्थ इन्स्योरेन्स लि. र नेपाल इन्स्योरेन्स क. लि. | |
| ५ | कामदार कर्मचारी सामूहिक दुर्घटना बीमा | ३५,१४,००,०००.०० | अजोड इन्स्योरेन्स लि. | ०४ सप्टेम्बर २०२१ – ०३ सप्टेम्बर २०२२ |
| | **जम्मा बिमाङ्क रकम** | **८,८८,६५,६८,०८३.७४** | | |

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

प्रति शेयर मूल्य रु......./– दर कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

ग.९. वित्तीय विवरण :

ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण : यस कम्पनीको आ.व.२०७७/०७८ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

SARBOTTAM CEMENT LTD. 2019

वासलात (२०७८ आषाढ मसान्त)

(रकम रु. हजारमा)

| सम्पत्ति | आ.व. २०७७/०७८ |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति प्लान्ट र उपकरण | ७९,००,१७१ |
| अमूर्त सम्पत्ति | १,९२५ |
| **वित्तीय सम्पत्ति** | |
| लगानी | २,०६,०३७ |
| स्थगन कर सम्पत्ति | - |
| अन्य गैर चालु सम्पत्ति | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **८१,०८,१३२** |
| **चालु सम्पत्ति** | |
| मौज्दात | १४,१३,४८९ |
| **वित्तीय सम्पत्ति** | |
| व्यापार लिनुपर्ने | १२,६८,०३२ |
| नगद र नगद सरह बराबर | १,७४,९०० |
| अन्य | ५,६२,८७७ |
| अन्य चालु सम्पत्ति | २,९६,६५१ |
| **जम्मा चालु सम्पत्ति** | **३७,१५,९४८** |
| **कुल सम्पत्ति** | **१,१८,२४,०८०** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ४०,५०,००० |
| जगेडा कोष | - |
| अन्य पूँजी | २४,३५,२४८ |
| **जम्मा शेयर पूँजी** | **६४,८५,२४८** |
| **गैर चालु दायित्वहरू** | |
| **वित्तीय दायित्वहरू** | |
| क) दिर्घकालिन ऋण | ७,०१,६९२ |
| ख) प्रावधानहरु | - |
| ग) स्थगन कर दायित्व | १,९५,५९८ |
| **जम्मा दिर्घकालिन दायित्वहरु** | **८,९७,२९०** |
| **चालु दायित्व** | |
| **वित्तीय दायित्वहरू** | |
| व्यापारमा तिनुपर्ने | ७,९९,५०७ |
| क्रियाशील पूँजी | २८,९५,३९८ |
| अन्य वित्तीय दायित्व | १,४१,६०५ |
| अन्य वित्तीय दायित्वहरू | ५,१९,८८१ |
| प्रावधानहरू | ४५,०६६ |
| आयकर पछिको दायित्वहरु | ४०,०८५ |
| **जम्मा चालु दायित्व** | **४४,४१,५४३** |
| **कुल दायित्वहरू** | **५३,३८,८३३** |
| **कुल पूँजी तथा दायित्व** | **१,१८,२४,०८०** |

नाफा नोक्सान हिसाव (२०७८ आषाढ मसान्त)

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७७/०७८ |
|---|---|
| **आम्दानी** | |
| सञ्चालनबाट आम्दानी | ८९,३७,८३७ |
| अन्य आम्दानी | ११,९६७ |



SARBOTTAM CEMENT LTD. 2019

| | |
|---|---|
| जम्मा आम्दानी | ८९,४९,८०४ |
| खर्चहरु | |
| कच्चा पदार्थ खपत | २७,६२,६८९ |
| विद्युत तथा इन्धन खर्च | ३१,३७,९४६ |
| तयारी पदार्थको मौज्दातमा परिवर्तन | (१,९७,७७९) |
| कर्मचारी खर्च | ४,२८,७८५ |
| मूल्य ह्रास खर्च | ५,७०,३०९ |
| अन्य खर्च | ५,४०,१७२ |
| वित्तीय खर्च | २,०५,६०३ |
| जम्मा खर्च | ७४,४७,७२५ |
| **कर अधिको निरन्तर सञ्चालनमा नाफा/नोक्सान** | **१५,०२,०७९** |
| **कर खर्चहरु** | |
| यस वर्षको आयकर | १,०९,९०८ |
| स्थगन कर | ८१,८१४ |
| **निरन्तर सञ्चालनबाट खुद नाफा/नोक्सान** | **१३,१०,३५७** |

**नगद प्रवाह विवरण (२०७८ आषाढ मसान्त)**

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७७/७८ |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| यस वर्षको नाफा/नोक्सान | १३,१०,३५७ |
| **समायोजन** | |
| सम्पत्ति प्लान्ट र उपकरणमा ह्रास | ५,६९,३५४ |
| अमूर्त सम्पत्तिको परिशोधन | ९५५ |
| सम्पत्ति, प्लान्ट र उपकरण बिक्रीबाट नाफा(नोक्सान) | ५०७ |
| ब्याज आम्दानी | (२८१) |
| ब्याज खर्च | २,०५,६०३ |
| स्थगन कर | ८१,८१५ |
| यस वर्षको आयकर | १,०९,९०९ |
| **क्रियाशील पुंजीमा परिवर्तन हुनु अधिको नगद प्रवाह** | **२२,७८,२१७** |
| मौज्दातमा (कमी)/वृद्धि | (२,४२,१८५) |
| व्यापार प्राप्ती (कमी)/वृद्धि | ७३,७३२ |
| अन्य वित्तीय सम्पत्तिमा (कमी)/वृद्धि | (३,३२,९१४) |
| अन्य चालु सम्पत्तिमा (कमी)/वृद्धि | २,६६,५०८ |
| गैर चालु सम्पत्तिमा (कमी)/वृद्धि | ३,५२,५४२ |
| व्यापार भुक्तानी (कमी)/वृद्धि | १,४६,५०२ |
| वित्तीय दायित्वमा (कमी)/वृद्धि | ४९,१४८ |
| अन्य दायित्वमा (कमी)/वृद्धि | ४९,१४८ |
| प्रावधान (कमी)/वृद्धि | १५,१७३ |
| **सञ्चालनबाट भएको नगद** | **२४,२९,४११** |
| आयकर तिरेको | (८४,५४९) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **२३,४४,८६१** |
| **ख) लगानी गतिबिधिबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट र इक्विटीको अधिग्रहण | (११,०३,८९४) |
| सम्पत्ति, प्लान्ट र इक्विटी बिक्री | २,१०४ |
| अमूर्त सम्पत्तिको अधिग्रहण | (२५५) |
| सहायक कम्पनीमा लगानी | (२,०६,०३७) |
| मुद्दति खातामा परिवर्तन | – |
| ब्याज आम्दानी | २८१ |
| **लगानी गतिबिधीबाट नगद प्रवाह** | **(१३,०७,८०१)** |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | |



SARBOTTAM CEMENT LTD. 2019

| | |
|---|---:|
| दीर्घकालीन ऋण | १८,३१,४४० |
| दीर्घकालीन ऋण पुन भुक्तानी | (३३,२७,३८०) |
| ब्रिज ग्याप ऋण परिवर्तन | – |
| अल्पकालिन ऋणमा परिवर्तन | ४,४५,७८८ |
| ब्याज खर्च | (२०५,६०३) |
| हकप्रद शेयर जारी | १४,२०,००० |
| बोनस शेयर जारी | ६,५०,००० |
| शेयर निष्काशन | – |
| लाभांश वितरण | (१७,५७,९६५) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(९,४३,७१९)** |
| **घ) नगद र नगद बराबरमा (कमी)/वृद्धि** | ९३,३४२ |
| **ङ) वर्षको शुरुमा भएको नगद र नगद सरह बराबर** | **८१,५५८** |
| **च) वर्षको अन्तमा भएको नगद र नगद सरह बराबर** | **१,७४,९००** |

(ख) सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

**वास्तविक वासलात** (रकम रु.हजारमा)

| सम्पत्ति | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---:|---:|---:|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति प्लान्ट र उपकरण | ६६,७४,३७२ | ७३,६८,२४२ | ७९,००,१७१ |
| अमूर्त सम्पत्ति | २,५३८ | २,५३८ | १,९२५ |
| **वित्तीय सम्पत्ति** | | | |
| लगानी | ५,००१ | – | २,०६,०३७ |
| स्थगन कर सम्पत्ति | २२,९१५ | - | - |
| अन्य गैर चालु सम्पत्ति | ३,५२,५४२ | ३,१७,६८४ | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **७७,२३,४०८** | **७०,२२,५०९** | **८१,०८,१३२** |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | ११,७१,३०४ | १३,३१,९३५ | १४,१३,४८९ |
| **वित्तीय सम्पत्ति** | | | |
| व्यापार वापत लिनुपर्ने | १३,४१,७६४ | १९,३३,२९६ | १२,६८,०३२ |
| नगद र नगद सरह बराबर | ८१,५५८ | २,२८,३९१ | १,७४,९०० |
| अन्य | २,२९,९६२ | ४,५६,७६८ | ५,६२,८७७ |
| अन्य चालु सम्पत्ति | २,१०,६१६ | ५,०७,८६२ | २,९६,६५१ |
| आय कर सम्पत्ति | २,८०७ | | |
| **जम्मा चालु सम्पत्ति** | **४४,६१,०६०** | **४४,६१,०६०** | **३७,१५,९४८** |
| **कुल सम्पत्ति** | **१,१४,८३,५६९** | **१,०७,५८,६१३** | **१,१८,२४,०८०** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १९,८०,००० | १९,८०,००० | ४०,५०,००० |
| जगेडा कोष | ३१८ | - | - |
| अन्य पूँजी | २०,९७,०१६ | २८,७५,३७४ | २४,३५,२४८ |
| **जम्मा शेयर पूँजी** | **४०,७७,३३३** | **४८,५५,३७४** | **६४,८५,२४८** |
| **गैर चालु दायित्वहरू** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| क) दिर्घकालिन ऋण | ३२,०२,८१७ | २५,१४,८७२ | ७,०१,६९२ |
| ख) प्रावधानहरु | - | - | |
| ग) स्थगन कर दायित्व | १,१३,७८३ | - | १,९५,५९८ |
| **जम्मा दिर्घकालिन दायित्वहरु** | **२६,२८,६५५** | **३२,०२,८१७** | **८,९७,२९०** |
| **चालु दायित्व** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| व्यापार वापत तिनुपर्ने | ९,२६,२४४ | ६,५३,००५ | ७,९९,५०७ |
| क्रियाशील पूँजी | २९,६३,३७७ | २१,३२,३७० | २८,९५,३९८ |



SARBOTTAM CEMENT LTD. 2019

| | | | |
|---|---|---|---|
| अन्य वित्तीय दायित्व | १,२१,३२१ | ९२,४५७ | १,४१,६०५ |
| अन्य वित्तीय दायित्वहरू | १,६४,५२५ | ३,४४,६५० | ५,१९,८८१ |
| प्रावधानहरू | २७,९५३ | ३७,३७४ | ४५,०६६ |
| आयकर पछिको दायित्वहरु | - | १४,७२६ | ४०,०८५ |
| **जम्मा चालु दायित्व** | **४२,०३,४१८** | **३२,७४,५८४** | **४४,४१,५४३** |
| **कुल दायित्वहरू** | **७४,०६,२३६** | **५९,०३,२३९** | **५३,३८,८३३** |
| **कुल पूँजी तथा दायित्व** | **१,१४,८३,५६९** | **१,०७,५८,६१३** | **१,१८,२४,०८०** |

## वास्तविक नाफा नोक्सान हिसाब

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|---|
| **आम्दानी** | | | |
| सञ्चालनबाट आम्दानी | ७०,४२,४४७ | ७३,५२,८६० | ८९,३७,८३७ |
| अन्य आम्दानी | ४,५३५ | २२,०९८ | ११,९६७ |
| **जम्मा आम्दानी** | **७०,४६,९८२** | **७३,७४,९५९** | **८९,४९,८०४** |
| **खर्चहरु** | | | |
| कच्चा पदार्थ खपत | १६,३७,८६५ | १७,८३,८९३ | २७,६२,६९० |
| विद्युत तथा इन्धन खर्च | २४,६५,०५१ | २५,७३,९३२ | ३१,३७,९४६ |
| तयारी पदार्थको मौज्दातमा परिवर्तन | (५,०३१) | (९८,५७३) | (१,९७,७७९) |
| कर्मचारी खर्च | ३,२४,६३७ | २,९७,४६८ | ४,२८,७८५ |
| मूल्य ह्रास खर्च | ३,६७,७१७ | ५,३५,५४९ | ५,७०,३०९ |
| अन्य खर्च | ६,६१,१५७ | ८,०५,५४२ | ५,४०,१७२ |
| वित्तीय खर्च | ४,१४,२८६ | ५,४४,३८० | २,०५,६०३ |
| **जम्मा खर्च** | **५८,६५,६८३** | **६४,४२,१९२** | **७४,४७,७२५** |
| **कर अघिको निरन्तर सञ्चालनमा नाफा/नोक्सान** | **११,८१,३००** | **९,३२,७६६** | **१५,०२,०७९** |
| **कर खर्चहरु** | | | |
| यस बर्षको आयकर | १४ | १८,२८८ | १,०९,९०८ |
| स्थगन कर | ९,५३९ | १,३६,८०४ | ८१,८१४ |
| **निरन्तर सञ्चालनबाट खुद नाफा/नोक्सान** | **११,७१,७४७** | **७,७७,६७५** | **१३,१०,३५६** |

(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण : आर्थिक बर्ष समाप्त भएको ६ महिना पुरा नभएको

वासलात (**२०७८ चैत्र मसान्त**)

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७८/७९ को चैत्र मसान्तसम्म |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति प्लान्ट र उपकरण | ७७,२५,२०९ |
| अदृष्य सम्पत्ति | २,३२३ |
| **वित्तीय सम्पत्ति** | |
| लगानी | २,०६,०३७ |
| स्थगन कर सम्पत्ति | |
| अन्य गैर चालु सम्पत्ति | ३,७७१ |



SARBOTTAM CEMENT LTD. 2019

| | |
|---|---|
| **जम्मा गैर चालु सम्पत्ति** | ७९,३७,३४१ |
| **चालु सम्पत्ति** | |
| मौज्दात | १८,३४,८८२ |
| **वित्तीय सम्पत्ति** | |
| व्यापार वापत लिर्नुपर्ने | १४,३५,१४७ |
| नगद र नगद सरह बराबर | ६६,०९५ |
| अन्य | ४३,९१५ |
| अन्य चालु सम्पत्ति | ४,८३,९७२ |
| अग्रीम आयकर | - |
| **जम्मा चालु सम्पत्ति** | **३८,६४,०११** |
| **कुल सम्पत्ति** | **१,१८,०१,३५२** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ४०,५०,००० |
| जगेडा कोष (Fair Value Reserve) | - |
| अन्य पूँजी | २६,४४,४३८ |
| **जम्मा शेयर पूँजी** | **६६,९४,४३८** |
| **गैर चालु दायित्वहरू** | |
| **वित्तीय दायित्वहरू** | |
| क) दीर्घकालिन ऋण | ४,९६,६५१ |
| ख) स्थगन कर दायित्व | १,९५,५९८ |
| **जम्मा गैर-चालु दायित्वहरू** | **६,९२,२४९** |
| **चालु दायित्व** | |
| **वित्तीय दायित्वहरू** | |
| व्यापार वापत तिर्नु पर्ने | ६,१०,२२० |
| अल्पकालिन ऋण | ३५,८३,४३३ |
| अन्य वित्तीय दायित्व | ५०,००५ |
| अन्य चालु दायित्व | १,४२,६७३ |
| व्यवस्थाहरु | ४४,४६७ |
| आयकर दायित्व | (१६,१३४) |
| **जम्मा चालु दायित्व** | **४४,१४,६६५** |
| **कुल दायित्व** | **५१,०६,९१४** |
| **कुल पूँजी तथा दायित्व** | **१,१८,०१,३५२** |

**नगद प्रवाह विवरण (२०७८ चैत्र मसान्त)**

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७८/७९ को चैत्र मसान्तसम्म |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| यस वर्षको नाफा/नोक्सान | २,०९,१९१ |
| **समायोजन** | |
| सम्पत्ति प्लान्ट र उपकरणमा ह्रास | ५,०५,७४९ |
| अमूर्त सम्पत्तिको परिशोधन | ९०९ |
| सम्पति, प्लान्ट र उपकरण बिक्रीबाट नाफा(नोक्सान) | - |
| ब्याज आम्दानी | (१०२) |
| ब्याज खर्च | २,२९,६२८ |
| स्थगन कर | - |
| यस वर्षको आयकर | - |
| **क्रियाशील पुँजीमा परिवर्तन हुनु अघिको नगद प्रवाह** | **९,४५,३७४** |
| मौज्दातमा (कमी)/वृद्धि | (४,२१,३९४) |
| व्यापारबाट प्राप्त (कमी)/वृद्धि | (१,६७,११५) |

| | |
|---|---|
| अन्य वित्तीय सम्पत्तिमा (कमी)/वृद्धि | ५,१८,९६२ |
| अन्य चालु सम्पत्तिमा (कमी)/वृद्धि | (१,८७,३२१) |
| गैर चालु सम्पत्तिमा (कमी)/वृद्धि | (३,७७१) |
| व्यापार भुक्तानी (कमी)/वृद्धि | (१,८९,२८७) |
| वित्तीय दायित्वमा (कमी)/वृद्धि | (९१,६००) |
| अन्य दायित्वमा (कमी)/वृद्धि | (३७,७२,०८०) |
| प्रावधान (कमी)/वृद्धि | (५९९) |
| आयकर भुक्तानी | (५६,२९९) |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | **(३०,१७८)** |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | |
| **लगानी गतिविधिहरुबाट नगद प्रवाह** | |
| सम्पत्ति, प्लान्ट र इक्विटीको अधिग्रहण | (३,३०,७८७) |
| लगानी बिक्री | - |
| अमूर्त सम्पत्तिको अधिग्रहण | (१,३०७) |
| सहायक कम्पनीमा लगानी | |
| ब्याज आम्दानी | - |
| **लगानी गतिबिधीबाट नगद प्रवाह** | **(३,३१,९९३)** |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | |
| दीर्घकालीन ऋणमा<br>दीर्घकालीन ऋण पुनः भुक्तानी | (२,०५,०४१)<br>- |
| अल्पकालिन ऋणमा परिवर्तन | ६,८८,०३५ |
| ब्याज खर्च | (२,२९,६२८) |
| हकप्रद शेयरबाट नगद प्रवाह | - |
| बोनस शेयर निष्काशन | - |
| लाभांश वितरण | - |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | **२,५३,३६६** |
| **घ) नगद र नगद सरह बराबरमा (कमि)/ वृद्धि** | (१,०८,८०५) |
| **ङ) वर्षको शुरुमा भएको नगद र नगद बराबर** | १,७४,९०० |
| **च) वर्षको अन्तमा भएको नगद र नगद बराबर** | **६६,०९५** |

## नाफा नोक्सान हिसाब (२०७८ चैत्र मसान्त)

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७८/७९ को चैत्र मसान्तसम्म |
|---|---|
| **आम्दानी** | |
| सञ्चालनबाट आम्दानी | ६०,८४,४१३ |
| अन्य आम्दानी | ३,३५४ |
| **जम्मा आम्दानी** | **६०,८७,७६७** |
| **खर्चहरु** | |
| कच्चा पदार्थ खपत | १८,९९,२८३ |
| विद्युत तथा इन्धन खर्च | २४,६९,९९२ |
| तयारी पदार्थको मौज्दातमा परिवर्तन | ९९,५५३ |
| कर्मचारी खर्च | २,१७,३४१ |
| मूल्य ह्रास खर्च | ५,०६,६५८ |
| अन्य खर्च | ४,५६,१२१ |
| वित्तीय खर्च | २,२९,६२८ |
| **जम्मा खर्च** | **५८,७८,५७७** |
| **कर अघिको निरन्तर सञ्चालनमा नाफा/नोक्सान** | **२,०९,१९१** |
| **कर खर्चहरु** | **-** |
| यस वर्ष आयकर | |
| स्थगन कर | - |
| **निरन्तर सञ्चालनबाट खुद नाफा/नोक्सान** | **२,०९,१९१** |

SARBOTTAM CEMENT LTD. 2019

(घ) आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : सो नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा : सो नभएको ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरण पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी प्रारम्भिक विवरणपत्रमा समावेश गर्नुपर्ने : सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्याङ्कन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्याङ्कन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्याङ्कनको औचित्य : सो नभएको ।

(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु : कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**वासलात (प्रक्षेपित)**

(रकम रु.हजारमा)

| सम्पत्ति | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति प्लान्ट र उपकरण | ७,४९४,३२९ | ६,७८७,५३१ | ६,०८९,७९४ |
| अमूर्त सम्पत्ति | ८८७ | - | - |
| **वित्तीय सम्पत्ति** | - | - | - |
| लगानी | ३०६,०३७ | ९०६,०३७ | २,४०६,०३७ |
| स्थगन कर सम्पत्ति | - | - | - |
| अन्य गैर चालु सम्पत्ति | - | - | - |
| **जम्मा गैर चालु सम्पत्ति** | **७,८०१,२५३** | **७,६९३,५६७** | **८,४९५,८३१** |
| **चालु सम्पत्ति** | | | |
| मौज्दात | १,८५३,६२६ | १,८४२,१६० | १,८६५,०९९ |
| **वित्तीय सम्पत्ति** | - | - | - |
| व्यापार वापत लिर्नुपर्ने | १,४५१,७०४ | १,७३२,७४४ | २,०४२,३९१ |
| नगद र नगद बराबर | २०५,११६ | २,६०५,३१७ | १,१०५,४८८ |
| अन्य | ६५०,१६५ | ६५२,७९३ | ६५५,४८० |
| अन्य चालु सम्पत्ति | २९६,२५६ | २९७,८९४ | ३००,६०६ |
| **जम्मा चालु सम्पत्ति** | **४,४५६,८६७** | **७,१३०,९०९** | **५,९६९,०६४** |
| कुल सम्पत्ति | **१२,२५८,१२०** | **१४,८२४,४७६** | **१४,४६४,८९५** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४,०५०,००० | ४,६५०,००० | ४,६५०,००० |
| जगेडा कोष | - | - | - |
| अन्य पूँजी | २,९७८,२०२ | ५,३३६,०८९ | ५,१५१,८४६ |
| **जम्मा शेयर पूँजी** | **७,०२८,२०२** | **९,९८६,०८९** | **९,८०१,८४६** |
| **गैर चालु दायित्वहरू** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| क) दिर्घकालिन ऋण | १,०६९,३३० | ६१३,९६२ | १८९,६६६ |
| ख) स्थगन कर दायित्व | २६३,५५५ | २९६,४७५ | ३००,३५८ |
| **जम्मा दिर्घकालिन दायित्वहरु** | **१,३३२,८८४** | **९१०,४३६** | **४९०,०२४** |
| **चालु दायित्व** | | | |
| **वित्तीय दायित्वहरू** | | | |
| व्यापार वापत तिर्नुपर्ने | ८३९,४८२ | ८८१,४५६ | ९२५,५२९ |
| क्रियाशील पूँजी | २,५८६,३६२ | २,४६५,९५४ | २,६०५,२२८ |
| अन्य वित्तीय दायित्व | ९८,०८४ | १७५,०८१ | २०५,७१६ |
| अन्य वित्तीय दायित्वहरू | ३२७,९३६ | ३४५,५६५ | ३६४,४९७ |
| प्रावधानहरू | ४२,४२३ | ४५,२११ | ४७,३९७ |
| आयकर पछिको दायित्वहरु | २,७४६ | १४,६८४ | २४,६५९ |
| **जम्मा चालु दायित्व** | **३,८९७,०३४** | **३,९२७,९५१** | **४,१७३,०२५** |
| **कुल दायित्वहरू** | **५,२२९,९१८** | **४,८३८,३८७** | **४,६६३,०४९** |
| **कुल पूँजी तथा दायित्व** | **१२,२५८,१२०** | **१४,८२४,४७६** | **१४,४६४,८९५** |

SARBOTTAM CEMENT LTD. 2019

नाफा नोक्सान हिसाव (प्रक्षेपित) (रकम रु.हजारमा)

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| आम्दानी | | | |
| सञ्चालनबाट आम्दानी | ९,१९१,४३७ | ९,५४७,३५८ | १०,३०४,३७३ |
| अन्य आम्दानी | १२,१४८ | २५३,०५२ | १०२,७९० |
| **जम्मा आम्दानी** | **९,२०३,५८५** | **९,८००,४१०** | **१०,४०७,१६३** |
| खर्चहरु | | | |
| कच्चा पदार्थ खपत | २,७७१,७६७ | २,५४२,२०७ | २,७३६,९३७ |
| विद्युत तथा इन्धन खर्च | ३,६९७,९६५ | ३,५५५,९३६ | ३,६१०,४८६ |
| तयारी पदार्थको मौज्दातमा परिवर्तन | ११८,१५४ | २१,२८० | (७,६३०) |
| कर्मचारी खर्च | ३९७,४४१ | ४८८,७४६ | ५३४,३७० |
| मूल्य ह्रास खर्च | ७१९,५९० | ७०७,६८५ | ६९७,७३६ |
| अन्य खर्च | ५३५,७७० | ७६२,३६४ | ८६६,४७९ |
| वित्तीय खर्च | ३३४,२५५ | ३४४,८९१ | ३०७,७६८ |
| **जम्मा खर्च** | **८,५७४,९४३** | **८,४२३,१०९** | **८,७४६,१४८** |
| **कर अघिको निरन्तर सञ्चालनमा नाफा/नोक्सान** | **६२८,६४३** | **१,३७७,३०१** | **१,६६१,०१५** |
| **कर खर्चहरु** | | | |
| यस वर्ष आयकर | २७,४५७ | १४६,८४२ | २४६,५८६ |
| स्थगन कर | ६७,९५७ | ३२,९२० | ३,८८३ |
| **निरन्तर सञ्चालनबाट खुद नाफा/नोक्सान** | **५३३,२२८** | **१,१९७,५३९** | **१,४१०,५४६** |

नगद प्रवाह विवरण (प्रक्षेपित)

(रकम रु.हजारमा)

| विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| यस वर्षको लागि नाफा र घाटा | ५३३,२२८ | १,१९७,५३९ | १,४१०,५४६ |
| **समायोजन** | | | |
| सम्पत्ति प्लान्ट र उपकरणमा ह्रास | ७१८,५५२ | ७०६,७९९ | ६९७,७३६ |
| अमूर्त सम्पतिको परिशोधन | १,०३८ | ८८७ | - |
| सम्पति, प्लान्ट र उपकरण बिक्रीबाट नाफा (नोक्सान) | - | - | - |
| ब्याज आम्दानी | (३०१) | (२४१,०४२) | (९०,६१५) |
| ब्याज खर्च | ३३४,२५५ | ३४४,८९१ | ३०७,७६८ |
| स्थगन कर | ६७,९५७ | ३२,९२० | ३,८८३ |
| यस अवधिको आयकर | २७,४५७ | १४६,८४२ | २४६,५८६ |
| **क्रियाशील पुंजीमा परिवर्तन हुनु अघिको नगद प्रवाह** | **१,६८२,१८७** | **२,१८८,८३६** | **२,५७५,९०५** |
| **क्रियाशील पुंजीमा परिवर्तन** | | | |
| मौज्दातमा (कमी)/वृद्धि | (४४०,१३७) | ११,४६५ | (२२,९३९) |
| व्यापार प्राप्ती (कमी)/वृद्धि | (१८३,६७२) | (२८१,०४०) | (३०९,६४७) |
| अन्य वित्तीय सम्पत्तिमा (कमी)/वृद्धि | (८७,२८८) | (२,६२९) | (२,६८६) |
| अन्य चालु सम्पत्तिमा (कमी)/वृद्धि | ३९५ | (१,६३७) | (२,७१३) |
| अन्य गैर चालु सम्पत्तिमा (कमी)/वृद्धि | - | - | - |
| व्यापार भुक्तानी (कमी)/वृद्धि | ३९,९७५ | ४१,९७४ | ४४,०७३ |
| वित्तीय दायित्वमा (कमी)/वृद्धि | (४३,५२१) | ७६,९९७ | ३०,६३५ |
| अन्य दायित्वमा (कमी)/वृद्धि | (१९१,९४५) | १७,६२९ | १८,९३२ |
| प्रावधानहरु (कमी)/वृद्धि | ७,०८३ | १५,४३१ | १८,६२२ |
| | **(८९९,११०)** | **(१२१,८११)** | **(२२५,७२२)** |
| **सञ्चालनबाट नगद प्रवाह** | **७८३,०७७** | **२,०६७,०२५** | **२,३५०,१८२** |
| आयकर भुक्तानी | **(६४,७९७)** | **(१३४,९०४)** | **(२३६,६११)** |
| **सञ्चालन गतिबिधिबाट खुद नगद प्रवाह** | **७१८,२८०** | **१,९३२,१२२** | **२,११३,५७१** |
| **ख) लगानी गतिबिधिबाट नगद प्रवाह** | | | |
| सम्पत्ति, प्लान्ट र इक्विटी अधिग्रहण | (३१२,७११) | - | - |
| सम्पत्ति, प्लान्ट र इक्विटी बिक्री | - | - | - |
| अमूर्त सम्पत्तिको अधिग्रहण | - | - | - |
| सहायक कम्पनिमा लगानी | (१००,०००) | (६००,०००) | (१,५००,०००) |
| मुद्दति खातामा परिवर्तन | - | (२,४००,०००) | १,५००,००० |



SARBOTTAM CEMENT LTD. 2019

| | | | |
|---|---|---|---|
| ब्याज आम्दानी | ३०१ | २४१,०४२ | ९०,६१५ |
| **लगानी कारोबारमा कुल नगद प्रवाह** | **(४१२,४१०)** | **(२,७५८,९५८)** | **९०,६१५** |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | | | |
| दीर्घकालीन ऋणमा | | | |
| दीर्घकालीन ऋण पुनः भुक्तानी | (१,००१,६७८) | (२४२,३६२) | (१५०,३६८) |
| ब्रिज ग्याप ऋण परिवर्तन | ६१०,००० | (३०५,०००) | (३०५,०००) |
| अल्पकालिन ऋणमा परिवर्तन | ४५०,२७९ | (२८,४१४) | १७०,३४६ |
| ब्याज खर्च | (३३४,२५५) | (३४४,८९१) | (३०७,७६८) |
| हकप्रद शेयर जारी | - | - | - |
| बोनस शेयर जारी | - | - | - |
| शेयर निष्काशन | - | ३,३५८,९३० | - |
| लाभांश वितरण | - | (१,६११,२२५) | (१,६११,२२५) |
| **वित्तीय कारोबारबाट कुल नगद प्रवाह** | **(२७५,६५४)** | **८२७,०३७** | **(२,२०४,०१५)** |
| **घ) नगद र नगद बराबरमा (कमि)/वृद्धि** | ३०,२१७ | २०१ | १७१ |
| **ङ) वर्षको शुरुमा भएको नगद र नगद बराबर** | १७४,९०० | २०५,११६ | २०५,३१७ |
| **च) वर्षको अन्तमा भएको नगद र नगद बराबर** | २०५,११६ | २०५,३१७ | २०५,४८८ |

**वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :**

१. ब्याजदर : कर्जा लगानी अवधिभर तल उल्लेखित कर्जा शिर्षकमा ब्याजदर स्थिर हुने प्रक्षेपण गरिएको ।

- दिर्घकालिन ऋण : ९%
- ब्रिज ग्याप ऋण : १०.५०% (आ.व २०७८/७९को अन्तमा क्रियाशिल पूँजीको लागि ब्रिज ग्याप कर्जा रकम लगभग रु.६१ करोड प्रयोग गरिएको र आ.व. २०८०/८१ मा सो कर्जा रकम भुक्तान हुने)
- क्रियाशील पूँजी : १०.२५%
- मुद्दती बचत : १०.०३ %

२. मुद्रास्फती दर : ७.११ % ( सन २०११ देखि सन २०२० सम्मको मुद्रास्फतीको औषतको आधारमा गणना गरिएको)

३. आयकर दर (Industrial Income):

- आर्थिक वर्ष २०७८/७९ : १०% (आयकर ऐन, २०५८ को दफा ११ (३ ग) मा व्यवस्था भए बमोजिम आकर्षित हुने करको दरमा आ.व. २०७६/७७ देखि ३ बर्ष सम्मको लागि ५० प्रतिशत छुट रहेको)
- आर्थिक वर्ष २०७९/८० : १२.०८% (आयकर ऐन, २०५८ को दफा ११ (३ क) मा व्यवस्था भए बमोजिम आकर्षित हुने करको दरमा आ.व. २०७९/८० देखि ७५ प्रतिशत छुट रहेको)
- आर्थिक वर्ष २०८०/८१-२०८२/८३ : १५ %
- 

४. आयकर दर (Trading Income): २५%

५. लाभांश वितरण आयकर : ५%

६. कर्मचारी खर्च वार्षिक ५% ले बृद्धि हुने अनुमान गरिएको छ । साथै, करयोग्य मुनाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागि छुट्टयाइएको छ।

७. भाडा खर्च १०% को दरले बृद्धि हुने अनुमान गरिएको छ ।

८. ह्रास कट्टी : स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straght Line Method) अनुसार कट्टी गरिएको छ।

९. मुख्य उत्पादन/बिक्रीको समिश्रण

| विवरण | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ |
|---|---|---|---|
| संचालन दिन | ३३० | ३३० | ३३० |
| क्लिङ्कर क्षमता (प्रति दिन टन) | ३,००० | ३,००० | ३,००० |
| सिमेन्ट क्षमता (प्रति दिन टन) | ३,००० | ३,००० | ३,००० |
| ओपिसी सिमेन्ट | १,४१० | १,५०० | १,६५० |
| ओपिसी प्रोडक्ट मिक्स | ४७% | ५०% | ५५% |
| पिपिसी सिमेन्ट | १,५९० | १,५०० | १,३१५ |
| पिपिसी प्रोडक्ट मिक्स | ५३% | ५०% | ४५% |
| क्लिङ्कर उपयोग | ९५% | ९५% | ९५% |
| सिमेन्ट उपयोग | ६८% | ७६% | ८४% |
| क्लिङ्कर उत्पादन (मेट्रिक टनमा) | ९४०,५०० | ९४०,५०० | ९४०,५०० |
| सिमेन्ट उत्पादन (मेट्रिक टनमा) | ६७३,२०० | ७५२,४०० | ८३१,६०० |
| सिमेन्ट उत्पादन (ब्यागमा) | १३,४६४,००० | १५,०४८,००० | १६,६३२,००० |
| विक्री मूल्य (क्लिङ्कर) (मेट्रिक टनमा) | ७,२५० | ७,३५० | ७,४५० |
| विक्री मूल्य -ओपिसी सिमेन्ट (ब्यागमा) | ५०४ | ५२१ | ५४८ |
| विक्री मूल्य -पिपिसी सिमेन्ट (ब्यागमा) | ४०४ | ४२१ | ४४८ |

१०. मौज्दात अवधि–कच्चा पदार्थ/तयारी उत्पादन र व्यापार वापत लिर्नुपर्ने

| सि.नं. | विवरण | दिन |
|---|---|---|
| १ | कच्चा पदार्थ (लाइमस्टोन) | ७५-१०० |
| २ | कच्चा पदार्थ | ६० |
| ३ | प्याकिङ्ग सामग्री | ३० |
| ४ | ईन्धनको मुख्य कच्चा पर्दाथ (कोल) | ६०-६५ |
| ५ | तयारी बस्तु | - |
| - | ओपिसी सिमेन्ट/ पिपिसी सिमेन्ट | २ |
| - | क्लिङ्कर | १५ |
| ६ | व्यापार वापत लिर्नुपर्ने | ७६-८० |

११. ईन्धनको खपत अनुपात (%)

| विवरण | आवश्यक ईकाई | आ.ब. २०७८/७९ | आ.ब. २०७९/८० | आ.ब. २०८०/८१ |
|---|---|---|---|---|
| सिमेन्ट | ३२ (मेट्रिक टनमा) | - | - | - |
| क्लिङ्कर | ६० (मेट्रिक टनमा) | - | - | - |
| ईन्धनको श्रोतको समिश्रण | - | - | - | - |
| डिजेल जेनेरेटर पावर प्लान्ट | - | ४५% | २५% | २०% |
| विद्युत प्राधिकरण | - | ५५% | ७५% | ५०% |

१२. उत्पादन तथा खपतको अनुपात

| विवरण | क्लिङ्कर | ओपिसी सिमेन्ट | पिपिसी सिमेन्ट |
|---|---|---|---|
| कच्चा पदार्थ खपतको अनुपात | - | - | - |
| क्लिङ्कर (खपत १५५/उत्पादन १००) | - | - | - |
| लाइमस्टोन | ९१.८५% | - | - |
| Iron Ore/Bauxite/Laterite | ४.७५% | - | - |
| River Sand/Clay | ३.४०% | - | - |
| Coal -of Clinker Production_ | १४.२५% | - | - |
| सिमेन्ट (खपत १००/उत्पादन १००) | - | - | - |
| क्लिङ्कर | - | ९५% | ७०% |
| Gypsum | - | ५% | ५% |
| Flyash | - | | २५% |

१३. प्रस्तावित लाभांस दर कम्पनीले निम्न अनुसारका दरले लगानीकर्ताहरुलाई लाभांश बाँडने प्रक्षेपण गरेको छ।

| विवरण | प्रक्षेपित (रकम रु.) | | |
|---|---|---|---|
| | आ.व.२०७८/७९ | आ.व.२०७९/८० | आ.व.२०८०/८१ |
| लाभांस प्रति शेयर (रु) | - | ३३ | ३३ |

ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :

(क) सञ्चालन अवधि तीन बर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

| | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| जगेडा तथा कोषहरु(रकम रु.) | २०,९७,३३३ | २८,७५,३७४ | २४,३५,२४८ | २,९७८,२०२ | ५,३३६,०८९ | ५,१५१,८४६ |
| प्रति शेयर नेटवर्थ (रु.) | २०६ | २४५ | १६० | १७४ | २१५ | २११ |
| प्रति शेयर आम्दानी (रु.) | ५९.१८ | ३९.२८ | ४५.५८ | १३.१७ | २६.३१ | ३०.३३ |

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेकोछ :

(रकम रु. हजारमा)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. | आ.व. |
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| चुक्ता पूँजी | १९,८०,००० | १९,८०,००० | ४०,५०,००० | ४,०५०,००० | ४,६५०,००० | ४,६५०,००० |
| जगेडा तथा कोषहरु | २०,९७,३३३ | २८,७५,३७४ | २४,३५,२४८ | २,९७८,२०२ | ५,३३६,०८९ | ५,१५१,८४६ |
| कुल नेटवर्थ | ४०,७७,३३३ | ४८,५५,३७४ | ६४,८५,२४८ | ७,०२८,२०२ | ९,९८६,०८९ | ९,८०१,८४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खुद नाफा/(नोक्सान) | ११,७१,२२४ | ७,७७,६७५ | १३,१०,३५७ | ५३३,२२८ | १,१९७,५३९ | १,४१०,५४६ |
| शेयर संख्या (हजारमा) | १९,८०० | १९,८०० | ४०,५०० | ४०,५०० | ४६,५०० | ४६,५०० |
| प्रति शेयर नेटवर्थ (रु.) | २०६ | २४५ | १६० | १७४ | २१५ | २११ |
| प्रति शेयर आम्दानी (रु.) | ५९.१८ | ३९.२८ | ४५.५८ | १३.१७ | २६.३१ | ३०.३३ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल/रिटर्न (प्रतिशत) | २८.७३ | १६.०२ | १९.१४ | ७.५९ | ११.९९ | १४.३९ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | १३.६५% |

(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : २१.३०%

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठीक छ भनि पि.के. एण्ड एसोसिएट्स्, टेबहाल, काठमाण्डौंका चार्टर्ड एकाउण्टेण्ट श्री पारुल केडियाले प्रमाणित गर्नु भएको हो ।

ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :

ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५,००,००,०००/–(अक्षरेपी चार अर्व पैंसठ्ठी करोड मात्र) को १२.९१ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्ट्याइएकोमा सो अनुसार हुन आउने ६०,००,००० कित्ता शेयर [२४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि, २६,७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) को लागि र ९,३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुका लागि] बुक बिल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागिएको हो । योग्य संस्थागत लगानीकर्ताहरु/सर्वसाधारणमा शेयर जारी गरी कम्पनीको सञ्चालक समितिमा योग्य संस्थागत लगानीकर्ता/सर्वसाधारण शेयरधनीहरुको समेत प्रतिनिधित्व गराई कम्पनीलाई स्वच्छ र पारदर्शी ढंगले सञ्चालन गर्ने उद्देश्य रहेको छ ।

१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५,००,००,०००/–(अक्षरेपी चार अर्व पैंसाठ्ठी करोड मात्र) को १२.९१ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्ट्याइएकोमा सो अनुसार हुन आउने ६०,००,००० कित्ता शेयर [२४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि, २६,७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) को लागि र ९,३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुका लागि] बुक बिल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागिएको र उक्त निष्काशनबाट प्राप्त हुने रकम उद्योगको उत्पादन विविधिकरण एवं क्षमता वृद्धि गर्न तथा सो पश्चात् वचत हुन आउने रकम उद्योगले वित्तीय व्यवस्थापनको लागि विभिन्न बैंकहरुबाट लिइएको कर्जा चुक्ता गर्न उपयोग गर्ने योजना रहेको छ ।

| निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र | छुट्टाइएको रकम (रु.) | कैफियत |
|---|---|---|
| उत्पादन विविधिकरण गर्न तथा उद्योगको क्षमता वृद्धि गर्न | - | क्षमता वृद्धिको आयोजनामा आवश्यकता अनुसार क्रमशः रकमको निकासा गर्नुपर्ने हुँदा तत्काल सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई रणनीतिक वित्तीय व्यवस्थापनमा प्रयोग गरिने छ । |
| बैंकबाट लिएको कर्जा चुक्ता गर्न | - | |
| जम्मा रकम (रु.) | - | |

(क) निष्काशन कम्पनीले तल उल्लेखित बैंकहरुबाट कर्जा लिईरहेको :

| क्र. सं. | बैंकको नाम | अल्पकालिन/चालु पूँजी कर्जा | आवधिक कर्जा (I) | आवधिक कर्जा (II) | आवधिक कर्जा (III) | आवधिक कर्जा (IV) | हायर पर्चेज कर्जा | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्राइम कमर्सियल बैंक लि. | १,२६,११,५२,६४६.६० | ६,२७,७७,१२८.०८ | १,८२,५१,०००.०० | २२,९५,०२,५००.०० | - | - | १,५७,१६,८३,२७४.६८ |
| २. | नेपाल बैंक लि. | १,७३,६६,३३,४०२.९७ | ३,४९,६६,०६०.०० | ४,१०,३१,०००.०० | १३,११,५५,५००.०० | - | - | १,९४,३७,८५,९६२.९७ |
| ३. | मेगा बैंक नेपाल लि. | ९,९७,५९,५४३.३४ | २,७९,७२,५६०.०० | - | ६,५५,३८,५००.०० | - | - | १९,३२,७०,६०३.३४ |
| ४ | प्रभु बैंक लि. | १७,६२,१७,२२६.१९ | २,७९,७१,५४२.३२ | - | १३,११,५५,५००.०० | - | - | ३३,५३,४४,२६८.५१ |
| | जम्मा | ३,२७,३७,६२,८१९.१० | १५,३६,८७,२९०.४० | ५,९२,८२,०००.०० | ५५,७३,५२,०००.०० | - | - | ४,०४,४०,८४,१०९.५० |

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था: बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को निर्देशन नं. ८ (३) र ११ (५) मा योग्य संस्थागत लगानीकर्ताहरुको लागि छुट्टाइएको शेयर शतप्रतिशत बिक्री हुने गरी कम्तिमा १० वटा योग्य संस्थागत लगानीकर्ताहरुले आफूले किन्न चाहेको शेयर संख्या सहितको आशय मूल्य उल्लेख गरी आशय पत्र पेश गर्नुपर्ने र त्यसरी पेश गरिएको आशय पत्रमा उल्लेख भए बमोजिमको शेयर संख्या र आशय मूल्यमा नघट्ने गरी सम्बन्धित योग्य संस्थागत लगानीकर्ताहरुले अनिवार्य रुपमा बोलकबोल गर्नुपर्ने व्यवस्था रहेकोले सम्पूर्ण शेयर बिक्री हुने निश्चित रहेको देखिन्छ । कथम्कदाचित कुनै योग्य संस्थागत लगानीकर्ताले आफूले पेश गरेको आशय मूल्यमा पछि बोलकबोल प्रक्रिया मार्फत शेयर खरिद नगरेमा उक्त शेयर सम्बन्धित योग्य संस्थागत लगानीकर्तालाई खरिद गर्न लगाउने कार्यमा धितोपत्र सम्बन्धी ऐन, नियम तथा कानुनी व्यवस्था अनुसार प्रक्रिया अगाडि बढाइने छ ।



SARBOTTAM CEMENT LTD. 2019

(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण : उद्योग स्थापना भई मिति २०७१/११/०१ गतेदेखि क्लिंकर र मिति २०७३/०३/०९ गतेदेखि सिमेन्ट उत्पादन शुरु भइसकेको हुनाले माथि उल्लेखित सम्पूर्ण चरणहरु समाप्त भईसकेको अवस्था रहेको छ ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति : उद्योग निर्माण सम्पन्न भई क्लिंकर र सिमेन्ट उत्पादन शुरु भई अग्रणी ब्राण्डको रुपमा बिक्री वितरण भईरहेको अवस्था रहेको ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :

कम्पनीले खरिद गरेको उपकरणको मूल्य :

कम्पनीको उद्योग पूर्ण रुपमा सञ्चालनमा आइसकेको र हालसम्म कम्पनीलाई आवश्यक पर्ने महत्वपूर्ण प्लान्ट, मेशिनरी तथा इक्विपमेन्ट M/S FLSmidth, डेनमार्कसँग सम्झौता गरी भारतीय रुपैयाँ १,६३,३३,६१,०००।००, युरो ४२,७६,०००।०० र अमेरिकी डलर १४,००,०००।०० बराबरको मेशिनरी उपकरण खरिद गरी जडान भइसकेको छ ।

(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण : सो नभएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : कम्पनीले उत्पादन गर्ने वस्तु सिमेन्ट हो । सिमेन्टको प्रयोग सडक, पुल, जलविद्युत, टनेल, विद्युत गृह, नहर, ढल निकास, खानेपानी, सिंचाई, आवासीय तथा व्यवसायिक भवन, कम्प्लेक्स, सरकारी तथा नीजि घर भवन, ह्युम पाईप, विद्युत पोल, टायल, उद्योग लगायतका अधिकाश संरचनाहरुको निर्माण, पूनः निर्माण गर्न र देश विकासका अन्य पूर्वाधारहरु जस्तै : रेल्वे, एयरपोर्ट लगायतमा निर्माण र मर्मत सम्भार गर्न निर्माणसँग सम्बन्धित कार्यहरुका लागि अति आवश्यक वस्तुको रुपमा रहेको छ । यसको लक्षित समूह निर्माण उद्योगसँग सम्बन्धित व्यवसायी वा धनी, उपभोक्ता समूह, निर्माण कम्पनी र व्यक्तिहरु हुन । हाल उद्योगको सिमेन्ट उत्पादन क्षमता दैनिक ३,००० टन रहेको छ । उद्योग आ.व. २०७४/७५ देखि पूर्ण रुपमा सञ्चालनमा आई उत्पादन भएको सिमेन्ट नेपाली बजारमा सहजै बिक्री वितरण भइरहेको र अग्रणी ब्राण्डको रुपमा बजारमा स्थापित भएको छ । साथै भविष्यमा उद्योगले ओ.पि.सी.र पि.पि.सी. सिमेन्टको अलावा अन्य किसिमका सिमेन्टहरु समेत उत्पादन गरी उत्पादन विविधिकरण समेतका कार्य गर्ने लक्ष्य लिएको छ ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : पाल्पा जिल्लामा अवस्थित कम्पनीको नीजि जग्गा र राष्ट्रिय वन क्षेत्रमा रहेका खानीस्थलहरुबाट चुनढुङ्गा खानीहरु उत्खनन् गरेर मुख्य कच्चा पदार्थको प्रयोग गर्ने गरिएको छ । साथै अन्य कच्चा पदार्थहरु जस्तै कोइला, जिप्सम, आईरन ओर, प्याकिङ्ग मेटेरियल्स लगायतका कच्चा पदार्थहरु आयात तथा स्थानीय बजारबाट खरिद गरी प्रयोगमा ल्याइएका छं ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : नेपाल विद्युत प्राधिकरणबाट वितरित विद्युत तथा स्थानीय स्रोतबाट प्राप्त हुने पानी उद्योगमा प्रयोग गरी सञ्चालनमा ल्याइएको छ । विद्युतको लोडसेडिग भएमा उद्योगको आफ्नै ५ मेगावाटको थर्मल पावर प्लान्ट, ४.७५ मे.वा. को डिजेल प्लान्ट र १०.३ मे.वा. को फरनेस आयल जनेरनेटबाट २४ सै घन्टा उद्योग सञ्चालन गर्ने गरी बैकल्पिक व्यवस्था मिलाएको छ ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टा छुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।

(अ) निष्काशन तथा बिक्री प्रवन्धक तथा सह निष्काशन तथा बिक्री प्रवन्धकहरुलाई– कूल निष्काशित रकमको ०.०७%

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता शुल्क – बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताका लागि जारी गर्ने प्रारम्भिक विवरणपत्रमा सो आवश्यक नभएको ।

(इ) **विज्ञको पारिश्रमिक वा सेवा शुल्क**

निष्काशन कम्पनीले दिएको प्रक्षेपित वित्तीय विवरणहरुको आधार प्रमाणित गर्ने विज्ञलाई दिएको शुल्क (पि.के. एण्ड एसोसिएट्स्, टेबहाल, काठमाण्डौं)– रु.१,००,०००।–

(उ) लेखापरिक्षकको शुल्क – रु.१०,००,०००।–

(ऊ) अन्य – सुचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरणः सो नभएको ।

ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य : बुक विल्डिङ्ग विधि मार्फत निष्काशन हुने ।

ग.१०.ङ. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

यो प्रावधान "बुक विल्डिङ्ग विधिबाट योग्य संस्थागत लगानीकर्तालाई गरिने धितोपत्र निष्काशन सम्बन्धी प्रारम्भिक विवरणपत्र" का हकमा बुक विल्डिङ्ग निर्देशिका, २०७७ को निर्देशन नं. ६ बमोजिम योग्य संस्थागत लगानीकर्ताबाट निर्देशन नं. ७ बमोजिमको छलफल कार्यक्रम सञ्चालन गरी आशय मूल्य प्राप्त गर्ने प्रयोजनको लागि आकर्षित नहुने ।

प्रारम्भिक विवरणपत्र प्रकाशन गरी योग्य संस्थागत लगानीकर्ताहरुबाट प्राप्त आशय मूल्यको आधारमा आधार मूल्य तय गरी धितोपत्रको बिक्री मूल्यको सीमा समेत उल्लेख भएको विवरणपत्र बोर्डबाट स्वीकृत प्राप्त भएको हकमा तल उल्लेख भए अनुसारको प्रावधानहरु लागु हुनेछ ।

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीग दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डले जारी गरेको "बुक विल्डिङ्ग निर्देशिका, २०७७" को अनुसूची-३ को अधिनमा रही साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:

बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुका लागि निष्काशन गरिने शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी दिइनेछ । यसरी रकम फिर्ता भुक्तानी दिंदा बाँडफाँटमा नपरेको रकम बाँडफाँट भएको तीन (३) कार्य दिनभित्र आर्जित व्याज सहित फिर्ता गर्नुपर्ने छ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर : "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र योग्य संस्थागत लगानीकर्तामा धितोपत्रको बाँडफाँट तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द



SARBOTTAM CEMENT LTD. 2019

भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गर्नु पर्नेछ।

(घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रक्रिया र समयावधी : योग्य संस्थागत लगानीकर्ताहरुको लागि निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरी गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण : सो नभएको ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, कम्पनीले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण गराई बाँडफाँट भएको मितिले छ (६) महिना पश्चात् कारोवार हुने व्यवस्था मिलाइनेछ ।

ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण : बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुका लागि निष्काशन गर्न जारी गरिने प्रारम्भिक विवरणपत्र भएकोले यो व्यवस्था हाल आवश्यक नभएको ।

**ग.१०.छ. बुक बिल्डिङ विधि मार्फत शेयर निष्कासनको प्रक्रियागत व्यवस्था :**

कम्पनीले आफ्नो जारी पूँजी रु.४,६५,००,००,०००/–(अक्षरेपी चार अर्व पैंसठ्ठी करोड रुपैंया मात्र) को १२.९१ प्रतिशतले हुन आउने रु.६०,००,००,०००।- (अक्षरेपी साठी करोड मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको ६०,००,००० कित्ता शेयर [२४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि, २६,७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत) को लागि र ९,३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुका लागि] बुक बिल्डिङ विधि मार्फत सार्वजनिक निष्कासन गर्न लागेकोले बुक बिल्डिङ विधि मार्फत सार्वजनिक निष्कासन गर्ने सम्बन्धी प्रक्रियागत व्यवस्था देहाय अनुसार रहेको छ :

**(क) छलफल कार्यक्रम सञ्चालन :**

१. बुक बिल्डिङ विधि मार्फत शेयरको सार्वजनिक निष्कासन गर्दा निष्काशित हुने शेयरको ४० प्रतिशत शेयर योग्य संस्थागत लगानीकर्ता र ६० प्रतिशत शेयर सर्वसाधारणमा जारी गनुपर्दछ ।
२. निष्कासन कम्पनीले निष्कासन तथा बिक्री प्रबन्धकको सहभागितामा तयार गरेको प्रारम्भिक विवरणपत्र उपर योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागी गराई छलफल कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।
३. छलफल कार्यक्रमको लागि कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान तोकी कम्तीमा ७ (सात) दिन अगाडि योग्य संस्थागत लगानीकर्ताहरुलाई लिखित वा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी गराउनुपर्दछ ।
४. निष्कासन कम्पनी र निष्कासन तथा बिक्री प्रबन्धकले छलफल कार्यक्रम सञ्चालन गरिने मितिभन्दा कम्तीमा ७ (सात) दिन अगाडि विवरणपत्र आ-आफ्नो वेभसाइटमा राख्नुपर्दछ ।
५. निष्कासन कम्पनीले छलफल कार्यक्रममा आफ्नो कम्पनीको पछिल्लो ३ (तीन) वर्षको लेखापरिक्षण सम्पन्न भएको वित्तीय विवरण उपलब्ध गराउनुपर्दछ ।

**(ख) आशय मुल्य प्राप्त गर्नुपर्ने :**

१. निष्कासन कम्पनीले छलफल कार्यक्रममा निष्कासन तथा बिक्री प्रबन्धकको सहयोगमा योग्य संस्थागत लगानीकर्तासँग निजले चाहेको न्यूनतम खरीद संख्या, आशय मूल्य र सो को मूल्याङ्कन विधि सहित प्रारम्भिक विवरणपत्रमा सुझाव माग गर्नु पर्दछ ।
२. योग्य संस्थागत लगानीकर्ताले छलफल कार्यक्रम समाप्त भएको ५ (पाँच) कार्यदिनभित्र लिखित रुपमा खरीद गर्न चाहेको न्यूनतम धितोपत्र संख्या, खरीद आशय मूल्य तथा मूल्याङ्कनको आधार सहित प्रारम्भिक विवरणपत्रको सम्बन्धमा आफ्नो सुझाव दिन सक्नेछ ।
३. निष्कासन कम्पनीले खरीद आशय मूल्य लिंदा योग्य संस्थागत लगानीकर्ताको लागि छुट्याइएको सम्पूर्ण धितोपत्र बिक्री हुने गरी कम्तीमा १० वटा योग्य संस्थागत लगानीकर्ताबाट आशय पत्र प्राप्त गरेको हुनुपर्नेछ ।
४. माथि बुँदा नं. ३ बमोजिमको आशय पत्रहरु प्राप्त हुन नसकेमा निष्कासन कम्पनीले अनुमानित मूल्य पुनरावलोकन गरी पून आशय मूल्य प्राप्त गर्न सक्नेछ ।
५. आशय मूल्य पेश गर्ने योग्य संस्थागत लगानीकर्ताले पेश गरेको आशय मूल्य बुक बिल्डिङ निर्देशिका, २०७७ को दफा ९ बमोजिमको मूल्य सीमाभित्र परेमा वा सो भन्दा बढी भएमा सोही निर्देशिका बमोजिम सञ्चालन हुने बोलकबोल प्रक्रियामा अनिवार्य रुपमा सहभागी हुनुपर्नेछ ।
६. आशय मूल्य प्राप्त गर्ने प्रक्रिया नियमक निकायले तोकेका अवस्थामा सोही बमोजिम गर्नु पर्नेछ ।

**(ग) धितोपत्रको मुल्य सीमा निर्धारण गर्नुपर्ने :**

१. कम्पनीले मूल्याङ्कनको आधार र औचित्य सहित धितोपत्रको अनुमानित मूल्य प्रस्ताव गरेकोले बुक बिल्डिङ निर्देशिकाको दफा ९ (३) मा उल्लेखित धितोपत्रको बिक्री मूल्य सीमा निर्धारण गर्दा बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा ८(३), दफा ८(५) तथा दफा ११(५) को अधिनमा रही योग्य संस्थागत लगानीकर्ताबाट प्राप्त दफा ८(१) को व्यवस्था बमोजिमको विवरण अनुसारको आशय मूल्यमा चित्त बुझेमा दफा ८(३) मा भएको व्यवस्था बमोजिम योग्य संस्थागत लगानीकर्ताका लागि छुट्याइएको सम्पूर्ण धितोपत्र बिक्री हुने न्यूनतम आशय मूल्यलाई बिक्री मूल्य सीमाको तल्लो सीमा कायम गरी सो को २५ प्रतिशत थप गर्दा हुन आउने मूल्यलाई आधार मूल्य कायम गरी सो आधार मूल्यमा २० प्रतिशत थप गर्दा हुने गरी सीमा निर्धारण गरिने छ । तर, योग्य संस्थागत लगानीकर्ताबाट निर्देशिकाको दफा (८) बमोजिम प्राप्त आशय मूल्यमा उल्लेखनिय रुपमा फरक परेमा निष्काशनकर्ता कम्पनीले यो निष्काशन प्रक्रिया रद्द गर्न सक्नेछ ।

**(घ) बोलकबोल गर्नुपर्ने :**

प्रारम्भिक विवरणपत्र प्रकाशन गरी योग्य संस्थागत लगानीकर्ताहरुबाट प्राप्त आशय मूल्यको आधारमा आधार मूल्य तय गरी धितोपत्रको बिक्री मूल्यको सीमा समेत उल्लेख भएको विवरणपत्र बोर्डबाट स्वीकृत प्राप्त भएपछि बोलकबोलको प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. विवरणपत्र प्रकाशन गर्न बोर्डबाट स्वीकृत प्राप्त भएको बढीमा १० (दश) कार्यदिनभित्र निष्कासन तथा बिक्री प्रबन्धकले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोलमा सहभागी हुन आव्हानपत्र प्रकाशन गर्नुपर्दछ ।
२. आव्हानपत्र प्रकाशन भएको ७ (सात) कार्यदिन पछि बोलकबोलमा भाग लिने व्यवस्था गर्नुपर्नेछ ।



SARBOTTAM CEMENT LTD. 2019

३. बोलकबोल शुरु भएको ४ (चार) कार्यदिन सम्म बोलकबोल खुला राख्नुपर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ।
४. योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र रही आफुले लिन चाहेको धितोपत्रको लागि आवेदन पेश गर्नुपर्ने छ ।
५. आशय मुल्य पेश गरेका योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा यस अघि नै पेश गरेको आशय पत्रमा उल्लेख गरिएको धितोपत्रको संख्या र आशय मूल्यभन्दा कम हुने गरी बोलकबोल गर्न पाइनेछैन ।
६. योग्य संस्थागत लगानीकर्ताले धितोपत्रको बिक्री मूल्यको माथिल्लो सीमाभन्दा जतिसुकै बढी रकमको आशय मूल्य उल्लेख गरी आशय पत्र पेश गरेतापनि उल्लेख गरिएको धितोपत्रको संख्या कम नहुने गरी बिक्री मूल्य सीमाको माथिल्लो सीमा रकममा अनिवार्य रुपमा बोलकबोलमा पेश गर्नु पर्नेछ ।
७. कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न पाउने छैन ।
८. निष्कासन कम्पनीसँग कुनै स्वार्थ बाझिने भएमा योग्य संस्थागत लगानीकर्ता बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन ।
९. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शतप्रतिशत रकम तोकिएको निष्कासन बैंक खातामा जम्मा गर्नुपर्ने वा आवेदकको बैंक खातामा रोक्का राख्नुपर्ने वा गुड फर पेमेन्ट चेक पेश गर्नु पर्नेछ ।
१०.. बोलकबोल प्रक्रिया नियमक निकायले तोकेका अवस्थामा सोही बमोजिम गर्नु पर्नेछ ।
११. विवरणपत्र मार्फत निष्काशन गरिने सावजनिक शेयरका लागि योग्य संस्थागत लगानीकर्ताहरुले गोप्य शीलबन्दी बोलपत्र फारमका साथ सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी, पान नं. (PAN No.), नविकरण गनुपर्ने भए नविकरण गरेको कम्पनी दर्ता प्रमाण पत्र र कम्पनी अद्यावधिक भएका पत्र, सम्बन्धित संस्थाबाट प्राप्त ईजाजतपत्र, प्रबन्धपत्र र नियमावली (संशोधन गरिएको भए संशोधन समेत), कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नरहेको प्रमाणित हुने सम्बन्धित निकायको पत्र पेश गर्नु पर्नेछ ।

**(ङ) कट अफ मुल्य निर्धारण गर्नुपर्ने :**

१. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट धितोपत्र बजारले योग्य संस्थागत लगानीकर्तालाई निष्काशित धितोपत्र पूर्ण रुपमा बिक्री हुने गरी प्राप्त बोलकबोलको कट अफ मूल्य निर्धारण भएको जानकारी गराउनेछ ।
२. कट अफ मूल्य निर्धारण गरेपछि कट अफ मूल्य र सो भन्दा माथिको मूल्यमा कबोल गर्ने सबै आवेदनकर्ताहरुलाई माग बमोजिमको धितोपत्र कट अफ मूल्यमा बाँडफाँट गर्नुपर्नेछ ।
३. कट अफ मूल्यमा आवेदन गर्ने लगानीकर्तालाई माग बमोजिमको धितोपत्र बाँडफाँट गर्न नपुगेमा समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्नेछ ।
४. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको मूल्य कट अफ मूल्य भन्दा कम भएमा त्यस्तो योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाँडफाँट गरिने छैन ।

**(च) सर्वसाधारणमा धितोपत्र जारी गर्नुपर्ने :**

१. निष्कासन कम्पनीले योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाँडफाँट गरेको ७ (सात) कार्यदिनभित्र सर्वसाधारणलाई छुट्याएको ६० प्रतिशत धितोपत्रको सार्वजनिक निष्कासन गर्न बोर्डमा संशोधित विवरणपत्र स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । सो संशोधित विवरणपत्रमा कट अफ मूल्य, धितोपत्र बाँडफाँट भएका योग्य संस्थागत लगानीकर्ताको नामावली, बाँडफाँट भएको धितोपत्रको संख्या तथा स्वीकृत विवरणपत्रमा निष्कासन कम्पनीको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षमा कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको विषय समावेश गरी पेश गरिनेछ ।
२. सर्वसाधारणमा शेयर जारी गर्दा संस्थागत योग्य लगानीकर्तालाई निर्धारण भएको कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्कासन गर्नुपर्नेछ ।
३. निष्कासन कम्पनीको निवेदनसाथ प्राप्त विवरणपत्रमा उल्लेखित विषय वा तथ्यहरुको प्रस्तुतीबाट बोर्ड सन्तुष्ट भएमा ७ (सात) कार्यदिन भित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्न बोर्डले स्वीकृति प्रदान गर्नेछ ।
४. बोर्डबाट विवरणपत्र स्वीकृत भएको ७ (सात) कार्यदिनभित्र आव्हानपत्र प्रकाशन गरिसक्नुपर्नेछ ।
५. निष्कासन कम्पनीले धितोपत्र बिक्री खुल्ला गरिने दिनभन्दा ७ (सात) कार्यदिन अगावै सार्वजनिक जानकारीको लागि आव्हानपत्र प्रकाशन गर्नुपर्नेछ ।
६. सर्वसाधारणले धितोपत्र खरीदका लागि आवेदन दिने न्यूनतम संख्या ५० कित्ता हुनुपर्ने र धितोपत्र बाँडफाँट गर्दा पनि प्रति आवेदक न्यूनतम ५० कित्ता पाउने गरी बाँडफाँट गनुपर्ने छ ।
७. सर्वसाधारणमा धितोपत्र निष्कासन तथा बाँडफाँट सम्बन्धी अन्य व्यवस्था धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ र धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रीय विद्युतिय सेवा सञ्चालन निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

**(छ) अन्य कुराहरु :**

१. निष्कासन कम्पनीले योग्य संस्थागत लगानीकर्तालाई निष्कासन गरिने धितोपत्र बाहेक सर्वसाधारणमा निष्कासन गरिने धितोपत्रको प्रत्याभूति गराउनुपर्ने छ ।
२. योग्य संस्थागत लगानीकर्ताको रुपमा आवेदन दिई धितोपत्र बाँडफाँटमा परेका प्रत्याभूतिकर्ताले समेत प्रत्याभूति गर्न सक्नेछन् ।
३.. प्रत्याभूति गरिने धितोपत्रको न्यूनतम ५ प्रतिशत धितोपत्र सम्बन्धित निष्कासन तथा बिक्री प्रबन्धकले प्रत्याभूति गर्नुपर्नेछ ।

ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>

निष्काशनकर्ता कम्पनी र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको कम्पनीसँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।
(ख) आधारभूत शेयरधनी : कारोबार नभएको ।
(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवारको सदस्य : कारोबार नभएको ।
(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :



SARBOTTAM CEMENT LTD. 2019

| क्र. सं. | नाम, थर | ३० प्रतिशत वा सो भन्दा मताधिकार हुने गरी शेयर ग्रहण गरेको संस्थाको नाम र शेयर प्रतिशत | यस सर्वोत्तम सिमेन्ट लि.सँगको निजको आवद्धता |
|---|---|---|---|
| १ | श्री बिष्णु प्रसाद न्यौपाने | जगदम्वा स्पिनिङ्ग मिल्स प्रा.लि. २० प्रतिशत<br>सर्वोत्तम स्टिल्स प्रा.लि., ५१.९८ प्रतिशत<br>सौरभ टि स्टेट, १०० प्रतिशत<br>जगदम्वा टि प्रोसेसिङ्ग, २५ प्रतिशत | अध्यक्ष |
| २. | श्री मिना कुमारी अग्रवाल | इन्टिग्रिटी मोबिलिटी सोलुसन प्रा.लि. ४९ प्रतिशत<br>आई.एम.एस. एग्रो प्रा.ली. ५० प्रतिशत<br>आई.एम.एस डेभलपर प्रा.लि. ४९ प्रतिशत<br>हेरिटेज इन्टरनेसनल प्रा.लि. १०० प्रतिशत<br>सलोनी ट्रेड कन्सर्न प्रा.लि. १०० प्रतिशत | आधारभूत शेयरधनी |
| ३. | श्री टिकाराम न्यौपाने | लक्ष्मी स्टिल्स प्रा.लि. ४० प्रतिशत | सञ्चालक |
| ४. | श्री दुर्गा प्रसाद न्यौपाने | जगदम्वा सिन्थेथिक्स, काठमाडौ ५५.८६ प्रतिशत<br>जगदम्वा स्पिनिङ्ग मिल्स प्रा.लि. काठमाडौं ५० प्रतिशत | आधारभूत शेयरधनी |
| ५. | श्री नेहा अग्रवाल | एभरेष्ट प्यारेन्टेरल्स प्रा.लि. १०० प्रतिशत<br>गायत्री ईन्टरनेशनल प्रा.लि. ५० प्रतिशत<br>माग्नुम डिष्ट्रिब्युटर्स प्रा.लि. ५० प्रतिशत | आधारभूत शेयरधनी |

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्भौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्भौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोबार गरेको छैन ।

ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

विदेशी लगानी र व्यवस्थापनमा कम्पनी सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्भौताको मुख्य तथा तात्विक बुँदाहरु : कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) कम्पनीको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्याः निष्काशनकर्ता कम्पनी सूचीकृत कम्पनी नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या : सो नभएको ।

ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

कम्पनीले यस भन्दा अगाडि धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण :

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

अ) कम्पनीको आ.व.२०७७/७८ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न शुभाष एण्ड कम्पनी चार्टड एकाउण्टेन्टसलाई नियुक्त गरिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको ब्यबस्था गरिएको छैन् ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री ग्लोबल आइएमई बैंक लि., कान्तिपथ, काठमाण्डौं । | GICL-BTI Sarbottam Cement IPO | ०१०१०१०००७८४० |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी पि.के. एण्ड एसोसिएट्स्, टेबहाल, काठमाण्डौंका चार्टर्ड एकाउण्टेण्ट श्री पारुल केडियाले प्रमाणित गर्नुभएको छ ।

उ) सार्वजनिक निष्काशनका लागि ग्लोबल आइएमई क्यापिटल लि. लाई Corporate Advisory को लागि नियुक्त गरेकोमा सो कार्य सम्पन्न भईसकेको ।

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु : सम्भौतामा भएका मुख्य मुख्य बुँदाहरु निम्न रहेका छन् ।

१) लेखापरीक्षकलाई आ.व. २०७७/०७८ को लेखापरिक्षण शुल्क वापत रु.१०,००,०००।- दिइएको छ ।

ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण : उद्योग पूर्ण रुपमा सञ्चालन आइसकेको र सो प्रयोजनको लागि तपसील बमोजिमका बैंकहरुबाट कर्जा उपभोग गरिएको छ ।



SARBOTTAM CEMENT LTD. 2019

| सि.नं. | बैंकको नाम | आवधिक कर्जा | अधिविकर्षक कर्जा | जम्मा |
|---|---|---|---|---|
| १. | मेगा बैंक नेपाल लिमिटेड | ९,३५,११,०६०।०० | ९,९७,५९,५४३।३४ | १९,३२,७०,६०३।३४ |
| २. | नेपाल बैंक लिमिटेड | २०,७१,५२,५६०।०० | १,७३,६६,३३,४०२।९७ | १,९४,३७,८५,९६२।९७ |
| ३. | प्रभु बैंक लिमिटेड | १५,९१,२७,०४२।३२ | १७,६२,१७,२२६।१९ | ३३,५३,४४,२६८।५१ |
| ४. | प्राइम कमर्सियल बैंक लिमिटेड | ३१,०५,३०,६२८।०८ | १,२६,११,५२,६४६।६० | १,५७,१६,८३,२७४।६८ |
| | **कूल जम्मा** | **७७,०३,२१,२९०।४०** | **३,२७,३७,६२,८१९।१०** | **४,०४,४०,८४,१०९।५०** |

ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) नेपाल विद्युत प्राधिकरणले यस कम्पनीलाई उद्योग सञ्चालनको लागि ने.वि.प्रा.परासी वितरण केन्द्रबाट विद्युत उपभोग गर्दा डेडिकेटेड फिडर सरहको सुविधा लिएको भनि कम्पनीलाई विलिङ्ग गरेकोमा कम्पनीले उक्त सुविधा नलिएको तथ्य प्रमाणको आधारमा सम्माननिय उच्च अदातल तलुसीपुर बुटवलमा थप विद्युत महशुल खारेजीको लागि रिट दायर गरेको र उच्च अदालतले प्राधिकरणको वितरण नियमावली, २०७१ अनुसार गठित पुनरावेदन समिति समक्ष पुनरावेदन गर्नु भनि मिति २०६७/०६/२१ मा रिट खारेज गरिदिएकोमा कम्पनीले उच्च अदालत तुल्सिपुरको फैसला वदर गरी थप विद्युत महशुल (रु.४८८,६९५,३३१।०४) खारेजीको लागि सम्माननिय सर्वोच्च अदालत समक्ष मिति २०७७/०८/२४ मा लिखित निवेदन चढाएको छ ।

(ख) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : यस कम्पनीको तपसील बमोजिमका ग्राहकहरुसँग निम्नानुसार विवरण अनुसारको मुद्दा अदालतमा प्रारम्भिक चरणमा रहेको छ ।

| ग्राहकको नाम | बिगो रकम (रु.) | अदालतको नाम | मुद्धा प्रकार |
|---|---|---|---|
| न्यु शिद्धबाबा इन्टरप्राइजेज | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| न्यु शिवशक्ति अर्डर सप्लायर्स | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| न्यु भि.एस. ट्रेडर्स एण्ड सप्लायर्स | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| न्यु एस.एस. हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि. | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| कैलाश एण्ड पाखीन हार्डवेयर सेन्टर प्रा.लि. | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| गुरु गणेश कृषि फर्म प्रा.लि. | १५,२४,२१५।७३ | काठमाण्डौ जिल्ला अदालत | रकम माग |
| आर्य निमार्ण सेवा | १८,३८,१०२।२९ | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| अंकीता इन्टरप्राइजेज | ३०,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| आर.पी. ट्रेडर्स एण्ड सप्लायर्स | ३५,५५७३१।०८ | काठमाण्डौ जिल्ला अदालत | रकम माग |
| युनीक मल्टीप्रपोज स्टोर | ५०,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| अम्बे हार्डवेयर एण्ड सप्लायर्स | १६,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| आदित्य हार्डवेयर प्रा.लि. | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| श्याम सुन्दर/ड्रागन/धुलिखेल जे.भी. | १९,३२,९४६।३९ | काठमाण्डौ जिल्ला अदालत | रकम माग |
| दाउन्ने देबी इन्टरप्राइजेज | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| सरस्वती ट्रेडर्स एण्ड सेल्स डिपो | ४०,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| राहुल एण्ड निकिता सप्लायर्स | १५,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| जि थ्रि डेभलपर्स एण्ड बिल्डर्स प्रा.लि. | २३,१०,२००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| स्मृति ट्रेड कन्सर्न | २०,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| सिबर्ड ट्रेडिङ्ग कम्पनी प्रा.लि. | २०,००,०००।०० | काठमाण्डौ जिल्ला अदालत | चेक अनादर |
| **जम्मा बिगो रकम** | **४,०७,६१,१९५।४९** | | |

(ग) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण : कुनै पनि मुद्दा नरहेको ।

(घ) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाँय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने : सो नभएको।

(ङ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो नभएको ।

.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्कासन कम्पनी तथा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री सन्तोष के.सी. - फोन नं.४१११७०९/४१११९४२ तथा इमेल: santosh.kc@sarbottamcement.com ।
२. निष्कासन तथा विक्री प्रवन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ - फोन नं. ४५४५६४९ तथा इमेल: info@gicl.com.np ।
३. सह निष्कासन तथा विक्री प्रवन्धकको तर्फबाट श्री रोशना मानन्धर - फोन नं. ४४२५२८० तथा इमेल: info@niblcapital.com र श्री बासु थपलिया - फोन नं. ४२२२९८७ तथा इमेल: info@prabhucapital.com ।

ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण : सो नभएको ।

ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण : हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण : सो नभएको ।

ग.२२. अन्य सामान्य जानकारी :

(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण : सो नभएको ।

SARBOTTAM CEMENT LTD. 2019

(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण : हालसम्म सञ्चालक समितिमा भएको परिवर्तन देहाय बमोजिम रहेको छ ।

| क्र. सं. | सञ्चालकहरुको नाम | पद | परिवर्तन भएको कारण | सञ्चालकमा बहाल रहेको अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १. | श्री बिमल कुमार सावरथिया (प्रतिनिधित्व कृष्ण इन्टरनेशनल प्रा. लि.) | सञ्चालक | शेयरको संरचना परिवर्तन भएको कारण । | २०७०/०१/१८ | २०७४/०१/०४ |
| २. | श्री मिना कुमारी अग्रवाल | सञ्चालक | घरायसी कारणले राजिनामा दिनु भएको | २०७४/०१/०४ | २०७७/१०/०६ |
| ३. | श्री दुर्गा प्रसाद न्यौपाने | सञ्चालक | घरायसी कारणले राजिनामा दिनु भएको | २०७६/०९/२९ | २०७७/१०/०६ |

लेखापरीक्षक :

| क्र. सं. | लेखापरीक्षकको नाम, ठेगाना | लेखापरीक्षण गरेको आ.ब. |
|---|---|---|
| १. | सि.ए. श्री सुरेश सिङ्घी, श्री सुभाष एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, टंक प्रसाद मार्ग, पुरानो बानेश्वर, काठमाण्डौं । | आ.ब.२०७५/७६ |
| २. | सि.ए. श्री पारुल केडिया, श्री पि.के. एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, टेबहाल, काठमाण्डौं । | आ.ब.२०७६/७७ |
| ३. | सि.ए. श्री एस.के.झुनझुनवाला, श्री सुभाष एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं । | आ.ब.२०७७/७८ |

(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता : सिन्धुली जिल्ला कमलामाई न.पा. वडा नं. ९, डाँडाटोल स्थायी घर भई हाल भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं. २, प्रतिभा टोल निवासी, कानून विषयमा स्नातकोत्तर तथा राजनीतिक शास्त्रमा स्नातकोत्तर तह उत्तीण शैक्षिक योग्यता हासिल गरी नेपाल बार काउन्सिलबाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गर्नु भएका श्री नवराज पौडेल यस कम्पनीको कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ ।

(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण : सर्वोत्तम सिमेन्टस लिमिटेडको मिति २०७७/०८/०४ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय तथा मिति २०७७/१०/०६ गते बसेको साधारण सभाबाट पारित भए बमोजिम यस कम्पनि ले बुक बिल्डिङ्ग विधि मार्फत धितोपत्रको सार्वजनिक निष्काशन गर्ने निणर्य गरिसकेको छ । मिति २०७८/०३/१० गते बसेको विशेष साधारण सभा बाट पारित भए बमोजिम जारी पूँजी रु.४ अर्ब ६५ करोड बराबरको ४,६५,००,००० कित्ता शेयरको १२.९१ प्रतिशतले हुन आउने ६०,००,००० कित्ता शेयर [बुक बिल्डिङ्ग विधिबाट सार्वजनिक निष्काशन गर्दा कूल निष्काशित धितोपत्रको ४० प्रतिशत शेयरले हुने २४,००,००० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुका लागि र ६० प्रतिशतले हुने ३६,००,००० कित्ता शेयर मध्ये ९,३०,००० कित्ता शेयर उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुका लागि तथा २६,७०,००० कित्ता शेयर सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत)] बुक बिल्डिङ्ग विधि मार्फत सार्वजनिक निष्काशन गर्न लागिएको ।

(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण : प्रचलित आयकर ऐन बमोजिम कर्पोरेट करको दर २५ प्रतिशत लाग्नेमा यो कम्पनी विशेष उद्योग अन्तर्गतको संस्था भएकोले २० प्रतिशत करको दर लाग्ने र एक अर्बभन्दा बढिको पूँजी लगानीमा स्थापना हुने र ५०० जनाभन्दा बढीलाई बर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने बिषेश उद्योगलाई कारोबार शुरु भएको मितिले ५ बर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यस पछिको ३ बर्षसम्म ५० प्रतिशत छुट समेत प्राप्त भए बमोजिम मिति २०७६ माघ मसान्तको खुद मुनाफामा शुन्य प्रतिशतका दरले कर लाग्ने, सो उप्रान्त २०७९ माघ मसान्तसम्मको खुद मुनाफामा १० प्रतिशतका दरले मात्र कर लाग्ने र सो उप्रान्त १८ प्रतिशतका दरले कर लाग्ने व्यवस्था रहेको छ ।

(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय : कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय, तिनकुने, सुबिधानगर, काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौ ।
३. धितोपत्र सह निष्काशन तथा विक्री प्रबन्धक श्री एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ. ।
४. धितोपत्र सह निष्काशन तथा विक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटड, कमलादी, काठमाण्डौं ।

(छ) बोनस शेयर सम्बन्धी व्यवस्था : हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा : धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ र बुल बिल्डिङ्ग निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार गरिने छ ।

(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण : कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरणपत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । कम्पनीको तेस्रो वार्षिक साधारण सभा मिति २०७८ माघ ११ गते सम्पन्न भई कम्पनी ऐन बमोजिमको कार्य समयमा नै पालना भइरहेको छ । कम्पनीका कुनै पनि सञ्चालक तथा आधारभुत शेयरधनीहरु कालोसुचीमा नरहेको साथै योग्य रहेको कम्पनीको उद्घोषण रहेको छ । साथै, यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.ब. २०७७/०७८ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आर्थिक वर्षसम्म यस कम्पनी अद्यावधिक रहेको व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/१२/०१ गतेको पत्रबाट प्राप्त भएको छ ।

(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था : यस प्रारम्भिक विवरणपत्र मार्फत बुक बिल्डिङ्ग विधिद्वारा योग्य संस्थागत लगानीकर्ताहरुको लागि छुट्याइएको शेयरको बोलकबोल मार्फत बिक्री वितरण गर्नका लागि निम्नानुसारका स्थानहरु मार्फत आवेदन फारम दिने व्यवस्था गरिएको छ ।



SARBOTTAM CEMENT LTD. 2019

१. नेपाल स्टक एक्सचेञ्ज लि. को रजिष्टर्ड (कर्पोरेट) कार्यालय, सिंहदरबारप्लाजा, सिंहदरबार,काठमाण्डौं ।

२. नेपाल स्टक एक्सचेञ्ज लि.ले तोकेका अन्य स्थानहरु ।

आफूले लिएको बोलपत्र आवेदन फारम रितपूर्वक भरिसकेपछि शीलबन्दी गरी शीलबन्दी गरिएको गोप्य बोलपत्र फारम नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरबार प्लाजा, सिंहदरबार, काठमाण्डौं वा तोकिएको स्थानमा बुझाउनु पर्नेछ ।

(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई **"[ICRANP-IR] BBB+ (pronounced as ICRA NP Issuer Rating Triple B Plus)"** प्रमाणपत्र प्राप्त गरेको छ । **"[ICRANP-IR] BBB +"** ले समयमानै सुरक्षित रुपले वित्तीय दायित्व वहन गर्न मध्यम स्तरको क्षमता रहेको संस्था (Moderate degree of safety regarding timely servicing of financial obligations) भन्ने बुझिन्छ । ईक्रा नेपाल लि.ले **ICRANP-IR AAA** देखि **ICRANP-IR D** सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा रेटिङ्ग **"ICRANP-IR AAA"** ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भन्ने **"ICRANP-IR D"** ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ ।

(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण : यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं रहेकोछ ।

(ड) सकारात्मक पक्षहरु :

१. सर्वोत्तम सिमेन्ट डेनमार्कबाट आयातित अत्याधुनिक VRM प्रविधि प्रयोग गरिएको सिमेन्ट उत्पादन गर्दा विद्युतमा ३०% वचत हुने तथा कोइला खपतमा २०% सम्म वचत हुने भएकाले लागत कम हुने ।
२. चुनढुङ्गा संकलनको लागि प्रयाप्त क्षेत्रफल सहितको चुनढुङ्गा राख्न सक्ने क्षमतायुक्त भण्डारण ।
३. वातावरणीय वायु प्रदुर्षण नियन्त्रणका लागि ब्याग फिल्टर र ब्याग हाउस निर्माण तथा नेपाल गुणस्तर चिन्ह, ISO प्रमाण पत्र १४००१:२०१५ र आइसओ प्रमाण पत्र ९००१:२०१५ को मान्यता प्राप्त ।
४. उद्योगमा २४ सै घण्टा आफ्नै अत्याधुनिक ल्यावबाट हरेक घण्टामा उत्पादन परीक्षण गर्ने व्यवस्था भएको ।
५. चुनढुङ्गाको गुणस्तर परिक्षणको लागि स्वचालित x-ray Machinery उद्योग मै जडित ।
६. आगामी ३ वर्षसम्म आयकरमा ५०% छुट भएको ।
७. दुई दशकभन्दा बढी सिमेन्ट उद्योग सञ्चालन गरेका अनुभवी सञ्चालकहरुबाट सञ्चालित उद्योग ।
८. कम्पनीसँग ९० वर्षलाई पुग्ने चुनढुङ्गा खानी रहेकोले भविष्यमा दोब्बर क्षमता वृद्धि गर्न पर्याप्त रहेको ।
९. ICRA Nepal Ltd. ले कम्पनीको Issuer Rating मा उल्लेख गरे अनुसार बजारमा उच्च प्रतिस्पर्धामा खरो रुपले लामो समयका लागि उत्रन सक्ने क्षमता रहेको ।
१०. ६० हजार मे.टन भन्दा बढी भण्डारण क्षमता भएको क्लिंकर भकारी (साइलो) रहेको ।
११. २०.०५ मे.वाट क्षमता भएको विद्युतिय आपूर्ति दिने आन्तरिक स्रोत रहेको ।
१२. खानीदेखि उद्योगसम्मको औषत दूरी निकै कम रहेको ।
१३. फरक फरक प्रकार तथा ग्रेडको सिमेन्ट स्वचालित रुपमा एकै पटकमा प्याकिङ्ग तथा निष्काशनका लागि दुई वटा प्याकिङ्ग प्लान्ट रहेको ।
१४. विद्युतको लोडसेडिंग भएमा उद्योगको आफ्नै ५ मेगावाटको थर्मल पावर प्लान्ट, ४.७५ मे.वा. को डिजेल प्लान्ट र १०.३ मे.वा. को फरनेस आयल जनेरनेटबाट २४ सै घन्टा उद्योग संचालन गर्ने गरी बैकल्पिक व्यवस्था रहेको ।
१५. नेपाल गुणस्तर तथा नापतौल विभागबाट ४३ ग्रेड तथा ५३ ग्रेड को ओ.पि.सी. सिमेन्ट उत्पादन तथा विकी वितरणको इजाजतपत्र प्राप्त गरी सकेको ।

साथै उत्पादित सिमेन्टको हरेक व्याच सरकारी तथा अन्य नीजि ल्यावहरुमा समेत नियमित रुपमा गुणस्तर परीक्षण गर्ने गरिनुका साथै सिमेन्टको Compressive Strength परिक्षण गर्ने उच्च प्रविधियुक्त मेशिनरी जडित टेक्निकल भ्यानबाट सिमेन्टको ज्ञान भएका अनुभवी ईन्जिनियर, प्राविधिक मार्फत निर्माणस्थलमा गई आफ्नो सिमेन्टको गुणस्तरको निःशुल्क रुपमा जानकारी गराउने व्यवस्था मिलाईएको छ । कम्पनीले उत्पादन गरेको सिमेन्ट उच्च स्तरीय गुणस्तरको रहेको छ । उल्लेखित कुराहरुका अतिरिक्त हाल बजारमा अत्याधिक मात्रामा रुचाइएको र आम उपभोक्ताको रोजाईमा सर्वोत्तम सिमेन्ट परेको हुँदा अग्रणी ब्राण्डका रुपमा स्थापित हुनु, कुशल एवं अनुभवी सञ्चालक तथा सम्बन्धित क्षेत्रमा लामो कार्यानुभव भएका कर्मचारीहरु कम्पनीमा आवद्ध रहनु, नेपाल कै अग्रणी सरकारी तथा नीजि क्षेत्रबाट सञ्चालित बैंकहरुबाट परियोजना अनुरुपको कर्जा लगानी समेत भईसकेको लगायतका कार्यहरु कम्पनीका सकारात्मक पक्षहरु हुन् ।

(ढ) बैकिङ्ग बित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्कासन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्ने छ :

धितोपत्र निष्काशन तथा दर्ता नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :–

| क्र.सं. | शर्तहरु | पालना भए/नभएको |
|---|---|---|
| क. | पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक आर्थिक वर्षको अवधि पूरा गरेको । | कम्पनी मिति २०७६ श्रावण ३० गते पब्लिक लि. मा परिणत भएको तथा सो मितिमा कायम धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा निम्न बमोजिमको व्यवस्था रहेको । ***"आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरेको,"*** |
| ख. | प्रचलित कानून बमोजिम लेखापरिक्षण तथा साधारण सभा सम्पन्न गरेको । | यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७७।१०।०६ गते सम्पन्न दोस्रो बार्षिक साधारण सभाबाट चार्टर्ड एकाउण्टेण्ट संस्था शुभाष एण्ड कम्पनि चार्टर्ड एकाउण्टेण्टस् का श्री एस.के. झुनझुनवाला, लाई कम्पनीको आ.ब. २०७७/७८ को लागि लेखापरिक्षक नियुक्त गरिएको । |
| ग. | आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा | सर्वोत्तम सिमेन्ट लि. मिति २०६८/०८/२८ मा उद्योग विभागमा दर्ता भई प्रारम्भिक उत्पादनको लागि स्वीकृति प्राप्त |

| | | |
|---|---|---|
| | त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | भएको । तत्पश्चात मिति २०७७/०३/२२ मा उत्पादनको क्षमता बृद्धिका लागि उद्योग विभागबाट अनुमति प्राप्त गरेको हो । |
| घ. | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरीद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | उक्त कार्यहरु सम्पन्न भई उद्योग निर्माण कार्य भई रहेको । |
| ङ. | उत्पादन प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको । | यस कम्पनीको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्न ठेक्का सम्झौता भई सो अनुसार कार्य भइरहेको । |
| च. | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको । | निष्कासन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लि. र सहनिष्काशन तथा बिक्री प्रबन्धकहरु क्रमशः एनआइबिएल एस क्यापिटल लि. तथा प्रभु क्यापिटल लि.सँग मिति २०७७१२।०४ मा सम्झौता भएको । |
| छ. | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | कम्पनीले उद्योग क्षेत्रको निर्माण अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको । |
| ज. | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भैसकेको । | संस्थापकहरुले आफुले लिन कबुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको । |
| झ. | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | लागु नहुने । |
| ञ. | जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेका । | लागु नहुने । |
| ट. | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको । | लागु नहुने । |

(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था : नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

(त) धितोपत्र बिक्री खुल्ला अवधि :बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुका लागि निष्काशन गरिने शेयरका लागि बोलकबोल शुरु भएको चार कार्य दिनसम्म खुला राख्नु पर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ ।

(थ) धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णय (Informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेडको वेभसाइट www.globalimecapital.com, सह निष्काशन तथा विक्री प्रबन्धकहरु क्रमशः एनआईविएल एस क्यापिटल लि. को वेभसाइट www.niblcapital.com र प्रभु क्यापिटल लि.को वेभसाइट www.prabhucapital.com तथा निष्काशनकर्ता कम्पनी सर्वोत्तम सिमेन्ट लिमिटेडको वेभसाइट www.sarbottamcement.com मा बिक्री बन्द नभएसम्म राखिनेछ ।

(द) प्रारम्भिक विवरणपत्र उपर योग्य संस्थागत लगानीकर्ताहरुसँग छलफल कार्यक्रम सञ्चालन गर्नको लागि मिति तथा समय तोकी सात (७) दिन अगाडि योग्य संस्थागत लगानीकर्ताहरुलाई लिखित वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जानकारी गराउनु पर्नेछ । साथै, सो प्रयोजनको लागि तयार गरिएको प्रारम्भिक विवरणपत्र निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sarbottamcement.com, धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइट www.globalimecapital.com र सह निष्काशन तथा विक्री प्रबन्धकहरुको वेभसाइट www.niblcapital.com र www.prabhucapital.com मा राख्नु पर्नेछ ।

ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।

| क्र.सं | सञ्चालकको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बिष्णु प्रसाद न्यौपाने | अध्यक्ष | |
| २ | श्री बिमल कुमार सावरथिया (प्रतिनिधित्व : कृष्ण ईन्टरनेशल प्रा. लि.को तर्फबाट) | सञ्चालक | |
| ३ | श्री टिकाराम न्यौपाने | सञ्चालक | |
| ४ | श्री दिबश न्यौपाने | सञ्चालक | |
| ५ | श्री तेङ्गिग लाक्देन तामाङ | सञ्चालक | |

ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :– बुक विल्डिङ्ग निर्देशिका, २०७७ बमोजिम निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकको सहयोगमा योग्य संस्थागत लगानीकर्ताहरुसँग निजले चाहेको न्यूनतम धितोपत्र खरिद संख्या, आशय मूल्य र सो को मूल्याङ्कन विधि सहित प्रारम्भिक विवरणपत्रमा सुझाव माग गर्ने प्रयोजनका लागि तयार गरिएकोले प्रतिबद्धता पत्र पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) संलग्न नरहेको ।



SARBOTTAM CEMENT LTD. 2019

# P.K & Associates

Chartered Accountants

Tebahal, Kathmandu, P.O. Box No. 2132, Ph.-4222538

Date: 2022-06-14

To,
The Board of Directors
Sarbottam Cement Ltd.
Kathmandu, Nepal

**Subject:** Review of Projected Financial Statement

Dear Sir,

As per the aforesaid subject and as per your request we have reviewed the projected financial statement of ***Sarbottam Cement Ltd.*** for FY: 2078|79 to FY: 2082|83, in accordance with Nepal Standard on Assurance Engagement 3400; "The examination of Prospective Financial Information" issued by the Institute of Chartered Accountants of Nepal. The preparation of the projection including the assumptions set out in Projected Financial Statement, is the responsibility of the management.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue Initial Public Offering (IPO) of shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purpose other than that described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention, which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection. Further, in our opinion the projection is properly prepared based on the assumptions to the Projected Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles.

Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projections since other anticipated events frequently do not occur as expected and the variation may be material.

We have not performed an audit for the same & accordingly, we do not express an audit opinion on it. Because of its special nature, our review report may not be used for any other purpose other than to assist the management in matters related to Public Offering of its Share & such is limited for the same only. The terms of reference for this engagement have been established with our agreement & will not accept responsibility to any other party to whom the report may be shown or who may acquire a copy of the same.

Your Truly,

CA. Parul Kedia
*(Proprietor)*

P. K. & Associates
Chartered Accountants

(ख) निष्काशन गरिने धितोपत्रको संख्या : बुक बिल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुको लागि २४,००,००० कित्ता शेयर निष्काशन गर्न लागेको हो।

(ग) धितोपत्रको अनुमानित मूल्य : बुक बिल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुको लागि निष्काशन कम्पनीबाट निर्धारण गरेको अनुमानित प्रति शेयर मूल्य रु.५०१/- (अक्षेरुपी पाँच सय एक मात्र) रहेको छ ।

(घ) मूल्याङ्कनको आधार र औचित्य : **<u>अनुसूची – १</u>** मा संलग्न गरिएको छ ।